# राजस्व सुधार कार्ययोजना

# २०७९/८०–२०८१/८२




# सिगास गाउँपालिका

# बैतडी जिल्ला

# २०७९

# कृतज्ञता ज्ञापन

नागरिकका असिम आकांक्षालाई मध्यनजर गर्दै स्थानीय तहको विकासलाई तीव्रतर किसिमले अघि बढाउन सबैभन्दा धेरै आवश्यक पर्ने र प्रायः सधैं अपुग हुने विषय भनेको स्रोत अर्थात् राजश्व नै हो । स्थानीय तह आफैंले पर्याप्त राजश्व संकलन गर्न सकेको खण्डमा स्थानीय तह आत्मनिर्भर हुन जानेछ र स्थानीय तह आत्मनिर्भर हुँदै जाँदा यसले संघीयताको दीगोपन समेत टेवा पुऱ्याउने छ । नेपालको राज्य व्यवस्था संघीय स्वरुपमा रुपान्तरण भई स्थानीय तह गठन भएको पाँच वर्ष पुग्दै गर्दा राजश्व सुधार कार्ययोजना तर्जुमा हुनु प्राथमिकतापूर्ण कार्य भएको छ ।

स्थानीय शासन सञ्चालन ऐन, २०७४ को दफा ६५ उपदफा २ (ख) ले राजश्व परामर्श समितिको काम, कर्तव्य अधिकार अन्तर्गत राजश्वका स्रोत, दायरा र दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको अनुमान गर्नुपर्ने उल्लेख गरेको छ । यस्तै सोही ऐनको दफा ६६ उपदफा (क) ले स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको काम, कर्तव्य, अधिकार अन्तर्गत आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने आय, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण, आन्तरिक ऋण तथा अन्य आयको प्रक्षेपण गर्नुपर्ने उल्लेख गरेको छ ।

स्थानीय तहको राजश्वको वर्तमान अवस्था, कानुनी रुपमा अख्तियार प्राप्त राजश्वका क्षेत्रहरु तथा स्थानीय तहको अवस्था अध्ययन गरी यस राजश्व सुधार कार्ययोजनाले आगामी तीन वर्षको राजश्वको प्रक्षेण समेत गरेको छ । अख्तियार प्राप्त कतिपय क्षेत्रहरुमा राजश्व संकलन गर्न नसकिरहेको वर्तमान परिप्रेक्ष्यमा यस कार्ययोजनाले न्यायपूर्ण तरिकाले र नागरिकको मन जितेर सम्बन्धित सबै क्षेत्रमा करका दर, दायरा र क्षेत्र बिस्तार गरी समग्र आन्तरिक राजश्वको आकार वृद्धि गर्न महत्वपूर्ण सहयोग पुऱ्याउने छ भन्ने विश्वास लिएका छौ ।

यस महत्वपूर्ण कार्यमा आर्थिक सहयोग प्रदान गर्नु भएकोमा प्रादेशिक सुशासन केन्द्र, सुदुरपश्चिम तथा स्थानीय तहको राजश्वको अध्ययन गरी यस महत्वपूर्ण दस्तावेज तयार गर्ने काममा कार्यमा खटिनु हुने सम्पूर्ण विज्ञहरु प्रति हार्दिक आभार प्रकट गर्दछौ । साथै, यो दस्तावेज तयार गर्न सूचना र अन्य सहयोग प्रदान गर्ने गाउँपालिकाका सबै कर्मचारी तथा पदाधिकारीहरुलाई समेत हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छौ ।

**क्युव-पाथवे-भूगोल जेभी**

# विषय सूची


**परिच्छेद एकः राजस्व सुधार योजनाको परिचय** **१**

१.१ पृष्ठभूमि १

१.२ राजस्व सुधार कार्ययोजनाको औचित्य २

१.३ राजस्व सुधार कार्ययोजनाको उद्देश्य ३

१.४ अपेक्षित परिणाम ४

१.५ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रकृया ४

१.६ राजस्व सुधार कार्ययोजनाका सीमाहरू ८

**परिच्छेद दुईः गाउँपालिकाको संक्षिप्त परिचय** **१०**

२.१ सिगास गाउँपालिकाको संक्षिप्त परिचय १०

**परिच्छेद तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता** **१७**

३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था १७

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था २२

३.३ आन्तरिक राजस्व संकलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण २३

  ३.३.१ कर राजस्व २४

  ३.३.२ गैरकर राजस्व ३३

**परिच्छेद चारः आय संकलनको संस्थागत क्षमता तथा संकलन अवस्था** **४३**

४.१ राजस्व परिचालन सम्बन्धी नीति ४३

  ४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण ४३

४.२ आय संकलनको संस्थागत व्यवस्था तथा क्षमता ४४

  ४.२.१ स्थानीय राजस्व परामर्श समिति ४४

  ४.२.२ राजस्व शाखा तथा राजस्व प्रशासन ४४

४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन ४५

४.४ विगतको राजस्व संकलनको अवस्था ४७

४.५ राजस्व परिचालनमा रहेका सवालहरू ४७

**परिच्छेद पाँचः राजस्व सुधार कार्ययोजना** **५०**

५.१ गाउँपालिकाको राजस्व सुधार कार्ययोजना ५०

**परिच्छेद छः आगामी ३ वर्षको आय प्रक्षेपण** **५५**

६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण ५५

६.२ आगामी ३ आर्थिक वर्षको आयको प्रक्षेपण ५७

**परिच्छेद सातः अपेक्षित नतिजा** **६६**

७.१ निष्कर्ष तथा सुझाव ६६

**परिच्छेद आठः अनूगमन तथा मुल्या□न** **६८**

**अनुसूची** **७०**

अनूसुची १: सन्दर्भ सामग्रीह□को सुची ७१

अनुसूची २: अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र ७४

अनुसूची ३: कार्यक्रममा सहभागीह□को सुची र कार्य सम्पन्न पत्र ७५

अनुसूची ४: कार्यक्रमको फोटोह□ ७८

# तालिकाको सूची


तालिका १: सिगास गाउँपालिकाको वडागत जनसांख्यिक विवरण १२
तालिका २: गाउँपालिकाको आन्तरिक आयको अवस्था २२
तालिका ३: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर २५
तालिका ४: व्यवसाय सम्बन्धी विवरण २८
तालिका ५: राजस्व परामर्श समिति ४४
तालिका ६: आन्तरिक आय परिचालनको वर्तमान अवस्था ४५
तालिका ७: गत आ.व.को यथार्थ आय तथा चालु आ.व.को अनुमानित विवरण ४७
तालिका ८: कर राजस्व सुधार कार्ययोजना ५०
तालिका ९: गैरकर राजस्व सुधार कार्ययोजना ५२
तालिका १०: गैरकर राजस्व सुधार योजना ५४
तालिका ११: आगामी तीन आ.व.का लागि राजस्व प्रक्षेपण ५५
तालिका १२: गाउँपालिकाको आगामी ३ आर्थिक वर्षको आय प्रक्षेपण ५८
तालिका १३: गाउँपालिकाको अपेक्षित आय संक्षेपमा ६६
तालिका १४: अनुगमन कार्यान्वयन तालिका ६९


## चित्र सूची


चित्र १: राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका चरणहरु ५
चित्र २: सिगास गाउँपालिकाको अवस्थिती नक्शा ११
चित्र ३: तहगत राजस्व अधिकार १८
चित्र ४: राजस्व तथा करका विभिन्न शीर्षकहरु २४
चित्र ५: अनुगमन मूल्यांकन चक्र ६८

# परिच्छेद एक: राजस्व सुधार योजनाको परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारहरूको सङ्घीय संरचनालाई अवलम्वन गरेको छ । संविधानले स्थानीय तहहरूमा कुशल र प्रभावकारी सेवाहरू प्रदान गर्न सवल स्थानीय तहहरूको परिकल्पना गरेको छ । यसै बमोजिम स्थानीय तहलाई संविधानद्वारा प्रदान गरिएको कार्यजिम्मेवारी पुरा गर्न आवश्यक पर्ने स्रोत साधनको व्यवस्थाका लागि सङ्घ तथा प्रदेश सरकारबाट वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान दिन सक्ने व्यबस्था गरेको छ। सङ्घ तथा प्रदेश सरकारबाट प्रदान गरिने यस्ता अनुदानले मात्र स्थानीय तहको खर्च आवश्यकता पुरा गर्न संभव नहुने र राज्य शक्तिको बाँडफाँड गर्दा राज्यको राजस्व अधिकारको समेत तहगत सरकारबीच शक्तिको बाँडफाँड गरिने हुँदा सङ्घीय वित्त व्यबस्थाका मान्यता अनुसार स्थानीय तहलाई विभिन्न कर तथा गैर करहरू लगाउने र उठाउने गरी राजस्व अधिकार समेत संबैधानिक रुपमै प्रदान गरिएको छ। नेपालको संविधान (भाग १९, अनुसूचि ८) मा आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकुल नहुने गरि कानुन बनाई कर लगाउन सक्ने व्यवस्था गरिए अनुरुप स्थानीय तहहरूले राजस्व अधिकारको प्रयोग गरि कर तथा गैरकर सङ्कलनका आधारभुत मान्यता अनुरुप राजस्व, कर, शुल्क र दस्तुर उठाउन सक्नेछन। अनुदान र राजस्व अधिकार बाहेक स्थानीय तहले संविधान र सङ्घीय कानुन बमोजिम राजस्व बाँडफाँड वापत रकम प्राप्त गर्नसक्ने र नेपाल सरकारको पूर्व स्वीकृतिमा ऋण लिन सक्ने कानुनी व्यबस्था समेत गरिएको छ । त्यसैगरि स्थानीय सरकार सञ्चालन ऐन २०७४ र अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ ले स्थानीय तहलाई विभिन्न किसिमका राजस्वको श्रोत, संभाव्य राजस्वको पहिचान, सङ्कलन, राजस्व बाँडफाँडको अधिकारको प्रत्यायोजन गरेको छ । खासगरि स्थानीय तहको उद्देश्य भनेको स्थानीय तहलाई वित्तीय रुपमा सवल बनाउने, स्थानीय तहको खर्च व्यवस्थापन गर्ने र स्थानीय तहमा सुशासनको प्रत्याभूती गराउने पनि हो ।

स्थानीय तहहरूले आफूलाई तोकेको कार्य र जिम्मेवारी पुरा गर्नको लागि वित्तीय दृष्टिले सक्षम हुनु पर्दछ । वर्तमान अवस्थासम्म अधिकांश स्थानीय तहहरू सङ्घ र प्रदेशबाट प्रदान गरिएको बाहृय श्रोतमा निर्भर रहेको देखिन्छ । स्थानीय तहहरूलाई स्थानीय राजस्व उठाउने अधिकार प्रत्यायोजन गरिएको छ तापनि उनीहरू करको संभाव्यता पहिचान गर्न, कर सम्बन्धी डाटावेस बनाउन र कर प्रशासनलाई नियमन गर्न कमजोर देखिन्छन ।

- संविधान र कानुनबाट प्राप्त अधिकारलाई उपयोग गर्ने क्रममा स्थानीय तहहरू प्रदेश र सङ्घको मुख मात्रै ताक्ने र आन्तरिक श्रोत र राजस्व परिचालनमा लामो समय उदासिन हुने हो भने त्यसले दीर्घकालमा स्थानीय तहको स्वायत्तता र दिगोपनमा प्रश्न उठ्न सक्ने कुरालाई

नजर अन्दाज गर्न मिल्दैन । यसबाट छुट्कारा पाउनको लागि स्थानीय तहहरूको आन्तरिक राजस्व परिचालन क्षमतामा कानुन सम्मत ढगंले बृद्धि गर्नुपर्ने अपरिहार्य आवश्यकता रहन्छ । उल्लेखित कार्य गर्नको लागि स्थानीय तहहरूसँग राजस्व सुधार कार्य योजनाको खाँचो देखिन्छ ।

यही खाँचोलाई पूरा गर्नको लागि प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम, नेपाल सरकार, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयद्वारा राष्ट्रव्यापी रुपमा संचालित राजस्व सुधार कार्ययोजना सम्बन्धि कार्यक्रमले प्रदेश तथा स्थानीय शासन पद्धतिलाई दिगो, समावेशी र जवाफदेही बनाउने लक्ष्य लिएको छ । यस कार्यक्रम अर्न्तगत सञ्चालन हुने गतिविधिहरू प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरूको क्षमता विकास गर्नेतिर लक्षित रहेका छन । साथै, प्रदेश तथा स्थानीय तहहरूको संस्थागत क्षमता अभिवृद्धिमा पनि यस कार्यक्रमले सहयोग पुर्‍याउने प्रावधान रहेको छ । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबीच सम्झौता भई प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम कार्यान्वयनमा रहेको छ । यसै सन्दर्भमा गाउँपालिका तथा नगरपालिकाहरूको आन्तरिक आय परिचालनमा सुधार ल्याउनको लागि राजस्व सुधारका क्रियाकलापहरू पहिचान गर्न र पहिचान गरिएका क्रियाकलापहरूको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा पर्न सक्ने प्रभाव समेतका आधारमा आगामी दिनमा प्राप्त हुन सक्ने राजस्वको प्रक्षेपण गर्ने कार्यलाई मार्गदर्शन गर्न प्रादेशिक सुशासन केन्द्र, प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको वित्तीय र क्युव-पाथवे-भूगोल जेभीको प्राविधिक सहयोगमा सिगास गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयार गर्ने कार्य अगाडि बढाईएको छ ।

## १.२ राजस्व सुधार कार्ययोजनाको औचित्य

नेपालको संविधानले नेपालको राज्य संरचना सङ्घ, प्रदेश र स्थानीय गरी तीन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले गर्ने व्यवस्था गरेको छ । देशमा सङ्घियता आएपछि पहिले केन्द्रले दिने रकम तथा बजेटमा मात्र आश्रित स्थानीय तहहरूलाई पनि आफैंले राजस्व सङ्कलन गर्न सक्ने अधिकार प्रत्याभूत गरिएको छ । त्यसैले स्थानीय तहलाई सङ्घ र प्रदेश सरकारबाट उपलब्ध हुने विभिन्न अनुदान तथा राजस्व विनियोजन बाहेक स्थानीय राजस्व अधिकार अन्तर्गत विभिन्न कर तथा सेवा शुल्क, पर्यटन शुल्क तथा दण्ड जरिवाना जस्ता गैर कर लगाउने अधिकार प्रदान गरिएको छ । साथै स्थानीय तहले अन्य स्वदेशी सङ्घसंस्थाबाट अनुदान रकम प्राप्त गर्नसक्ने, नेपाल सरकारको पूर्वस्वीकृति लिएर वैदेशिक अनुदान वा सहयोग लिन सक्ने तथा नेपाल सरकारको सहमति लिएर वित्त आयोगले सिफारिश गरेको सीमाभित्र रही आन्तरिक ऋण लिन सक्ने कानुनी व्यवस्था समेत छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ द्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरणलाई व्यवस्थापन गरिनुका साथै स्थानीय तहले कर लगाउदा वैज्ञानिक करका आधारभूत मान्यताहरूका आधारमा कर करदाताले तिर्न सक्ने क्षमता र कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी

स्थापना गर्न, स्वेछिक रुपमा कर तिर्न प्रेरीत हुने वातावरण सिर्जना गर्न र कर लगाँउदा करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गर्न, स्थानीय तहको आन्तरिक राजस्व सुधार कार्य योजनाको निर्माण अपरिहार्य छ ।

संवैधानिक अधिकारभित्र रही स्थानीय सरकार सञ्चालन ऐन (२०७४) ले गाउँपालिका तथा नगरपालिकालाई आन्तरिक आय परिचालन गर्नसक्ने उल्लेख्य अधिकार दिएको भए तापनि ती अधिकारलाई व्यवस्थित तरिकाले कार्यान्वयन गर्न सक्ने क्षमता सबैमा विकास भइसकेको छैन । यसको पछाडि अनेक कारणहरू हुनसक्छन जस्तै सङ्घिय संरचनाको अभ्यास नयाँ हुनु, आयका श्रोतहरूको पहिचान गर्नसक्ने खालको दक्ष जनशक्ति अधिकांश स्थानीय तहहरूमा नहुनु, स्थानीय तहहरूसँग रहेका संभाव्य श्रोतहरूका बारेमा तथ्याङ्क नहुनु, राजस्व सङ्कलन र त्यसको बाँडफाँड बारेमा जनतालाई बुझाउन नसक्नु, स्थानीय तहमा राजस्वको दायरा बृद्धि गर्ने सम्बन्धमा स्थानीय तहको नेतृत्वको इच्छाशक्ति कम हुनु आदि ।

स्थानीय तहहरूको राजस्व सम्बन्धि वर्तमान स्थितिको विश्लेषण गरि राजस्व सुधारका लागि गर्नुपर्ने कार्यहरूको पहिचान गर्न र सोका आधारमा आगामी तीन वर्षको राजस्व प्रक्षेपण कार्यमा सहजीकरण गर्ने प्रयोजनका लागि सुदुरपश्चिम प्रदेश अन्तर्गतको प्रादेशिक सुशासन केन्द्रको चालु आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार सिगास गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तयार गरिएको छ ।

## १.३ राजस्व सुधार कार्ययोजनाको उद्देश्य

यस कार्यक्रमको समग्र उद्देश्य स्थानीय तहहरूको आन्तरिक आय तथा राजस्वको विद्यमान अवस्था विश्लेषण गर्नु र व्यवहारिक तथा प्रभावकारी राजस्व प्रणालीको विकास गर्नु हो । यस उद्देश्यको प्राप्तिका लागि देहाय अनुसारका सहायक उद्देश्यहरू निर्धारण गरिएको छ :

- स्थानीय तहका जनप्रतिनिधीहरू तथा कर्मचारीहरूलाई राजस्व सुधार कार्यायोजना सम्बन्धी अभिमुखीकरण गर्ने ।
- स्थानीय तहमा शीर्षकगत रुपमा सम्भावित कर/गैर करका आधार तथा विगत तीन वर्षको आन्तरिक आयको अवस्थाको विश्लेषण गर्ने ।
- स्थानीय तहमा राजस्वका विभिन्न श्रोतहरूको लेखाजोखा (यथार्थ असुली सहित) गर्ने र वृद्धिका संभावनाहरू पहिचान गर्ने ।
- स्थानीय तहको राजस्व प्रशासनको संगठनात्मक संरचना सङ्कलन तथा बिलिंग पद्दति र आन्तरिक नियन्त्रण प्रणाली सहित स्थानीय तहको समग्र राजस्व प्रशासन तथा यसको कार्य कुशलताको विश्लेषण गर्ने ।
- स्थानीय तहका आन्तरिक आय वृद्धिका संभावनाहरू पहिचान गरि आय सुधार कार्ययोजना र प्रक्षेपण सहितको आन्तरिक आय सुदृढीकरण कार्य योजना तयार गर्ने ।

- राजस्व सुधारका नयाँ संभावनाहरूको पहिचान गर्दै स्थानीय तहले अपनाउनु पर्ने भावी रणनीति सहित आगामी ३ आर्थिक वर्षका लागि कार्य योजना (२०७९/०८०-२०८१/०८२) सहित राजस्व सुधार कार्ययोजना तयार गर्ने ।
- स्थानीय तहको विद्यमान आर्थिक ऐन पुनरावलोकन गरी आगामी आर्थिक बर्षमा गर्नु पर्ने सुधारका लागि सुझाव सहित नमुना तयार गर्ने ।

## १.४ अपेक्षित परिणाम

स्थानीय तहहरूलाई वित्तीय रुपमा सवल बनाउने र खर्च व्यवस्थापन गर्न सक्षम बनाई सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन राजस्व सुधार कार्ययोजना निर्माण गर्नु मुख्य अपेक्षित परिणाम हुनेछ साथै यस कार्ययोजना मार्फत तल उल्लेखित कुराहरू प्राप्त हुनेछन :

- सम्बन्धित स्थानीय तहहरूका जनप्रतिनिधीहरू, कर्मचारी सवैले राजस्व सुधार सम्बन्धी अभिमुखीकरण प्राप्त गरी आन्तरिक आय तथा करसम्बन्धी विषयमा आवश्यक जानकारी हासिल गरेका हुनेछन् ।
- सहभागितामूलक विधिद्वारा तोकिएका स्थानीय तहको सूचना र तथ्याङ्कमा आधारित कार्यान्वयन योग्य राजस्व सुधार कार्ययोजना तयार भएको हुनेछ ।
- आन्तरीक आयका नयाँ सम्भावनाहरूको पहिचान भई सो समेत समावेश भएको राजस्व सुधार योजनाको कार्यान्वयनबाट स्थानीय तहको आन्तरिक आयमा बृद्धि भएको हुनेछ ।
- नमुना आर्थिक ऐन आगामी आर्थिक बर्षबाट यथार्थतामा कार्यान्वयनमा आएको हुनेछ ।

## १.५ राजस्व सुधार कार्ययोजना तर्जुमा विधि र प्रकृया

राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका विधि चरणहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ (चित्र नं.: १) ।




चित्र १: राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि अवलम्बन गरिएका चरणहरू

### पहिलो चरण: सन्दर्भ सामाग्री सङ्कलन तथा समीक्षा

राजश्व सुधार कार्ययोजनासँग सान्दर्भिक विभिन्न सामग्रीहरुको सङ्कलन तथा अध्ययन गरियो । यस अध्ययन कार्यको लागि पहिलो चरणमा परामर्शदाता समूहबाट विभिन्न स्रोतहरू मार्फत सन्दर्भ सामाग्रीहरू सङ्कलन, अध्ययन तथा पुनरावलोकन गरिएको थियो । जस मध्ये नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ (संशोधन सहित), संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन २०७७, अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन २०७६, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन २०७५, आपूर्ति नीति २०६९, औद्योगिक व्यवसाय ऐन २०७३ (संशोधन २०७६), कम्पनी ऐन, २०६३ (संशोधन २०७५), उपभोक्ता हित संरक्षण ऐन, २०७५, सहकारी ऐन २०७५ आदि रहेका छन् । यसैगरी प्रदेश सरकार अन्तर्गतका सम्बन्धित सन्दर्भ सामग्रीहरुमा सुदुरपश्चिम प्रदेश आर्थिक ऐन, औद्योगिक व्यवसाय ऐन, २०७५ आदि रहेका छन् । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य-मुख्य सामग्रीहरू अनुसूची १ मा दिइएको छ ।

### दोस्रो चरण: अभिमुखीकरण तथा राजश्व सुधार कार्ययोजना तर्जुमा कार्यशाला

स्थानीय तहमा कार्य प्रारम्भ गर्नुभन्दा पहिले राजस्व सुधार कार्ययोजना तर्जुमाको लागि क्युव-पाथवे-भूगोल जेभीबाट खटिएका विज्ञ टोलीले स्थानीय तहका प्रमुख तथा उप-प्रमुख, स्थानीय तहको राजस्व परिचालन सम्बन्धी काम गर्ने कर्मचारीहरु र राजश्व परामर्श समितिका पदाधिकारीहरुलाई राजश्व सुधार कार्ययोजना तयारी सम्बन्धमा मिति २०७९/०२/१९ मा

अभिमुखीकरण गर्ने कार्य गरेको थियो । अभिमुखीकरण कार्यक्रममा सहजीकरण गरिएको पत्र अनुसुची २ मा दिईएको छ ।

**तेस्रो चरणः तथ्याङ्क/सूचना सङ्कलन**

कार्ययोजना तर्जुमा सम्बन्धी कार्यका लागि संस्थागत सूचना तथा तथ्याङ्कहरु समेत आवश्यक पर्ने हुन्छ । यसका लागि स्थानीय तहको वस्तुगत विवरण, वार्षिक बजेट तथा कार्यक्रम पुस्तिका, आर्थिक ऐनहरु, राजस्व सम्बन्धी कानुनहरु, प्रगति विवरणहरु, आम्दानी तथा खर्चको फाँटवारी, प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन, सम्भाव्यता अध्ययन प्रतिवेदनहरुबाट पनि आवश्यक सूचना र तथ्याङ्क सङ्कलन गरियो । त्यस बाहेक, उद्योग वाणिज्य सङ्घ, यातायात व्यवसायीहरुको संगठन, होटल व्यवसायीहरुको संगठन आदि पेशागत एवम् व्यवसायीक संस्थाहरु लगायतका सरोकारवाला पक्षहरुसँगको छलफलबाट पनि आवश्यक सूचना तथा तथ्याङ्कहरु सङ्कलन गरिएको थियो । राजस्व सुधार कार्ययोजना तयारीको क्रममा मुख्यतः निम्न प्रकारका सूचनाहरु सङ्कलन गरिएको थियोः

- राजस्व प्रशासनको वर्तमान अवस्था, राजस्व प्रशासनिक व्यवस्था तथा सूचना प्रवाह सम्बन्धी विवरण
- राजस्व परिचालनका लागि अबलम्बन गरिएका नीतिगत व्यवस्थाहरु
- कम्तीमा विगत तीन आर्थिक वर्षहरुको अनुमानित तथा यथार्थ आय विवरण
- चालु वर्षको हालसम्मको यथार्थ आय विवरण
- चालु वर्षको आर्थिक ऐन तथा बजेट
- आन्तरिक राजस्व (कर तथा गैरकर) सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी बिस्तृत विवरण
- आन्तरिक राजस्व सङ्कलनको सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क तथा सूचना
- राजस्व सुधारका लागि गर्नुपर्ने कार्ययोजनाहरु, सम्पन्न गर्ने समय तथा सोको जिम्मेवारी, आदि ।

कुनै सूचनाहरु/तथ्याङ्कहरु नमिल्दो र असगंतिपूर्ण देखिन गएमा त्यसलाई पूनः प्रमाणिकरण गरिएको थियो । यसरी प्रमाणिकरण गरिसकिएको तथ्याङ्कलाई कार्ययोजनाको उद्देश्यहरुले खोजे अनुसार तालिकामा रुपान्तरण गरिएको थियो । वस्तुगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को अनुसूची २ अनुसार र विषयगत विश्लेषणको लागि आवश्यक तथ्याङ्क अनुसूची ३ अनुसार सङ्कलन गरिएको थियो ।

**चौथो चरणः सूचना/तथ्याङ्कको विश्लेषण तथा कार्ययोजना तयारी एवम् राजस्व प्रक्षेपण**

राजस्व सुधार कार्ययोजनाको लागि आवश्यक सूचना/तथ्याङ्क सङ्कलन गरिसकेपछि त्यस्ता सूचनाहरुलाई विश्लेषण गरिएको छ। सूचना/तथ्याङ्क विश्लेषणको लागि तथ्याङ्कीय तथा गुणात्मक विधि दुवैलाई प्रयोगमा ल्याइएको छ। राजश्व सम्बन्धी नीतिगत व्यवस्थाको विश्लेषण गरी सुधारका उपायहरु पहिचानको लागि गुणात्मक विश्लेषण विधि प्रयोग गरिएको छ भने राजस्वको बृद्धिदर तथा विद्यमान दायराको विश्लेषण तथ्याङ्कीय विधिद्वारा गरिएको छ।

स्थानीय तहको राजस्व अधिकार, हाल गरिरहेको आय सङ्कलन अवस्था तथा राजस्व सुधार कार्ययोजना कार्यान्वयन पश्चात् आय सङ्कलनमा पार्ने प्रभावहरुको मूल्याङ्कनलाई ध्यान दिदैं आगामी तीन वर्षको आय प्रक्षेपण गरिएको छ। यसरी तयार गरिने प्रक्षेपणले यस स्थानीय तहको बजेट तर्जुमा गर्न सहयोग पुग्ने छ। यसैगरी विगतको आयको बृद्धिदर विश्लेषण गरी आय सङ्कलनको अवस्थालाई विश्लेषण गरिएको छ। शुरु र अन्तिम बिन्दुको आधारमा वार्षिक बृद्धिदरको गणना निम्न शुत्रको प्रयोग गरी गरिएको छ।

$$CAGR = \left(\frac{\text{Ending Value}}{\text{Beginning Value}}\right)^{\left(\frac{1}{\text{Number of Years}}\right)} - 1$$

जहाँ, CAGR = औसत वार्षिक वृद्धिदर

Ending Value = अन्तिम वर्षको यथार्थ रकम

Beginning Value = पहिलो वर्षको यथार्थ रकम

आय प्रक्षेपणसँग सम्बन्धित तथ्याङ्कको विश्लेषण गाउँपालिका तथा नगरपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा दिग्दर्शन, २०७६ को **अनुसूची ४** अनुसार गरिएको छ।

**पाँचौं चरणः मस्यौदा कार्ययोजना तयारी**

स्थलगत अध्ययनबाट प्राप्त भएका तथ्याङ्क तथा सूचनाहरूलाई गुणात्मक र परिमाणात्मक विधिहरूको प्रयोग गरी मस्यौदा कार्ययोजना तयार गरिएको छ। लेखन कार्य राजस्व सम्बन्धी विज्ञता भएका विशेषज्ञबाट गरिएको थियो। भाषिक शुद्धता नेपाली भाषाका विज्ञहरुबाट परिक्षण गराइएको थियो।

**छैठौं चरणः मस्यौदा प्रतिवेदन माथि छलफल तथा सुझाव सङ्कलन**

राजस्व सुधार कार्ययोजना तर्जुमाका उपरोक्त चरणहरु पश्चात् तयार गरिएको राजस्व सुधार कार्ययोजनाको मस्यौदा प्रतिवेदन स्थानीय तहका सम्बन्धित सरोकारवालाहरु समक्ष प्रस्तुत गरी

सुझाव लिइएको थियो । यसका लागि परामर्श कार्यशाला/बैठकको आयोजना गरिएको थियो । यस्तो छलफलबाट प्रतिवेदनमा छुट भएका विषय वा तथ्याङ्कीय कमजोरीहरुलाई सच्याउन र प्रतिवेदनका विषयमा सरोकारवालाहरुलाई जानकारी प्रदान गर्न पनि सहयोग पुगेको थियो ।

**सातौ चरणः अन्तिम मस्यौदा प्रतिवेदन तयारी, छलफल तथा पृष्ठपोषण**

मस्यौदा प्रतिवेदन माथि प्राप्त भएका सुझाव समेतको आधारमा अन्तिम प्रतिवेदन तयार गरिएको थियो । यसरी तयार भएको कार्ययोजना सरोकारवालाहरुको बिचमा मिति २०७९/०३/२३ गते यस गाउँपालिकाका अध्यक्ष श्री हरि सिंह धामी ज्यूको अध्यक्षतामा बसेको अन्तिम प्रतिवेदन प्रस्तुतीकरण कार्यक्रममा प्रस्तुत गरिएको थियो । उक्त कार्यक्रममा प्राप्त भएका सुझाव तथा पृष्ठपोषणको यथोचित सम्बोधन गरी प्रतिवेदनलाई अन्तिम रुप दिइएको छ । उक्त कार्यक्रममा सहभागीहरुको सुची अनुसुची ३ मा प्रस्तुत गरिएको छ ।

**आठौं चरणः  अन्तिम प्रतिवेदन कार्यपालिकाबाट स्वीकृती**

राजस्व सुधार कार्ययोजनाको अन्तिम प्रतिवेदन यस स्थानीय तहको राजस्व परामर्श समिति मार्फत कार्यपालिकामा पेश गरी स्वीकृत गराउने प्रतिबद्धता प्राप्त भएको छ । कार्यपालिकाबाट प्रतिवेदन स्वीकृत गराउँदा प्रतिवेदन कार्यान्वयनका लागि आवश्यक पर्ने बजेट विनियोजन गर्ने कार्यमा पनि सहजता आउने अपेक्षा गरिएको छ ।

## १.६ राजस्व सुधार कार्ययोजनाका सीमाहरू

यस गाउँपालिकाको राजस्व सुधार कार्ययोजना क्षेत्र व्यापक रहेको भएता पनि उपलब्ध सीमित स्रोत साधन, पर्याप्त सूचनाको अभाव, सीमित समयका कारण यस अध्ययन निम्नानुसारको सीमामा रही तयार गरिएको छ ।

यस राजस्व सुधार कार्ययोजना गाउँपालिकाको कार्यालयबाट प्राप्त अभिलेख तथा दस्तावेज, स्थानीय पदाधिकारीहरू तथा सम्बन्धित कर्मचारीहरू र अन्य सरोकारवालाहरूसँग गरिएको छलफल, गोष्ठी, अन्तर्क्रिया तथा कार्यशालाबाट प्राप्त सल्लाह, सुझाव र सूचनाको आधारमा तयार गरिएको हो ।

- सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त गर्ने राजस्व बाँडफाँड र समानीकरण अनुदानको रकम प्रक्षेपण हालको अभिलेखलाई आधार मानी वार्षिक रुपमा बृद्धि हुने अनुमान गरी लेखाजोखा गरिएको तथा स्थानीय तहबाट प्राप्त हुने राजस्वमा केन्द्रित रही योजना तर्जुमा गरिएको छ ।
- राजस्व प्रक्षेपणको लागि स्थानीय तहले उपलब्ध गराएको तथ्याङ्क तथा केन्द्रिय तथ्याङ्क विभागले विभिन्न सर्वेक्षण मार्फत उपलब्ध गराएको तथ्याङ्कको आधारमा विश्लेषण गरिएको छ ।

- वार्षिक रुपमा अनुगमन मुल्यांकनपश्चात् राजस्व सुधार कार्ययोजनामा परिमार्जन गर्न सकिने छ ।

# परिच्छेद दुई: गाउँपालिकाको संक्षिप्त परिचय

यस परिच्छेदमा सिगास गाउँपालिकाको संक्षिप्त परिचय, अवस्थिति, आर्थिक तथा सामाजिक अवस्था, मानव संशाधन साथै भौगोलिक अवस्थालाई चित्रण गरिएको छ ।

## २.१ सिगास गाउँपालिकाको संक्षिप्त परिचय

**नामाकरण:**

सिगास गाउँपालिका बैतडी जिल्लाको ६ वटा गाउँपालिका मध्ये एक गाउँपालिका हो । यस क्षेत्रमा चारवटा शिखरहरू रहेका छन् जसलाई पिथौरागढ, रौलाकेदार, सिगास केदार, र ग्वाल्क केदार भनिन्छ । यी शिखरहरूमा भगवान शिवले मध्यस्थता गरेका थिए भनि मानिसहरूको जनविश्वास रहेको छ, जहाँ प्रत्येक वर्ष शिवरात्रिमा ठूलो मेला लाग्ने गर्दछ र भक्तजनहरूले शिवको पूजा अर्चना गर्ने गर्दछन् । यो गाउँपालिकाको नाम भगवान शिवले बसोवास गर्ने शिखरहरू मध्येबाट सिगास चुचुरोको नामबाट राखिएको हो । राज्यपुर्नसंरचनाको बेला यस गाउँपालिकाको नाम राख्न यहाँका जनता, राजनीतक नेता, बौद्धिक व्यक्तित्वहरू सबै सहमत भइ यो गाउँपालिकाको नाम पवित्र शिखर सिगासको नामबाट नै राखिएको हो । यस गाउँपालिकाको केन्द्र साविकको शिवलिङ्ग गा.वि.स.को वडा नं. ४ गर्जेमा रहेको छ ।

**अवस्थिति :**

सिगास गाउँपालिका बैतडी जिल्लाको ६ वटा गाउँपालिका मध्ये एक हो, जुन मुख्यतया मध्य पहाडी भौगोलिक क्षेत्रमा अवस्थित छ । यस गाउँपालिकाको पूर्वमा आदर्श गाउँपालिका, डोटी, केरादस्यू गाउँपालिका बझांग जिल्ला, पश्चिम सुर्नाय गाउँपालिका, पाटन नगरपालिका बैतडी जिल्ला, उत्तरमा वित्थड चिर गाउँपालिका, बझांग जिल्ला र दक्षिणमा नवदुर्गा गाउँपालिका, डडेल्धुरा जिल्ला पर्दछन् । भौगोलिक हिसाबले गाउँपालिका २९°२२'००' उत्तर देखि २९°३२'३०' उत्तर अक्षांश र ८०° ४०'३०' ई देखि ८०° ५४'००' ई देशान्तरमा अवस्थित छ । औसत समुद्री सतह ६५५ मिटरदेखि २८४७ मिटरसम्मको उचाइमा यो गाउँपालिका रहेको छ । साविकका सिगार, गाउँजरि, ढुङ्गाड, थालाकाडा, शिवलिङ्ग, चौखाम गा.वि.स. का सवैवडाहरू र शिखरपुर गा.वि.स. का २ वटा मिलाएर यो गाउँपालिका बनेको छ । राजनीतिक रुपमा यो गाउँपालिका हाल ९ वटाहरूमा विभाजित छ । विभिन्न जातजाति र भौगोलिक विविधता बोकेको यो गाउँपालिकामा उचाइअनुसार हावापानीमा पनि विविधता पाइन्छ । यस गाउँपालिकाको अवस्थिति नक्सा तल चित्र नं. २ मा राखिएको छ ।




चित्र २: सिगास गाउँपालिकाको अवस्थिती नक्शा

## सिगास गाउँपालिकाको कूल क्षेत्रफल तथा वडागत विभाजन

सिगास गाउँपालिकालाई जम्मा ९ वटा वडामा विभाजन गरिएको छ भने यस गाउँपालिकको कूल क्षेत्रफल २४५.४४ वर्ग. कि.मि. रहेको छ

## सिगास गाउँपालिकाको जनसाङ्ख्यिक विवरण

केन्द्रीय तथ्याङ्क विभाग २०६८ अनुसार सिगास गाउँपालिकाको घरधुरी संख्या ३७३३ र जम्मा जनसंख्या २१५१० जसमा पुरुषको संख्या १०३७१ र महिलाको संख्या ११९३९ रहेको छ। जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका १: सिगास गाउपालिकाको वडागत जनसाङ्ख्यिक विवरण

| २०६८ को जनगणना अनुसार | | | | |
|---|---|---|---|---|
| **वडा नं.** | **घरधुरी संख्या** | **पुरुष** | **महिला** | **जम्मा** |
| १ | ४१३ | १२०९ | १३१० | २५१९ |
| २ | ४६४ | १४८५ | १५०४ | २९८९ |
| ३ | ४२० | ११३३ | १२२० | २३५३ |
| ४ | ३०४ | ८११ | ८७२ | १६८३ |
| ५ | ४४६ | १०६३ | १२६२ | २३२५ |
| ६ | ५०८ | १३२७ | १४७८ | २८०५ |
| ७ | ३५३ | १०५९ | १०९९ | २१५८ |
| ८ | ३२२ | ९५४ | ९६० | १९१४ |
| ९ | ५०३ | १३३० | १४३४ | २७६४ |
| **जम्मा** | **३७३३** | **१०३७१** | **१११३९** | **२१५१०** |

**पेशागत विवरण :**

यस गाउँपालिकामा बस्ने व्यक्तिहरूले आफ्नो जिविकोपार्जनको लागि मुख्य पेशाको रूपमा कृषि पेशा अंगालेका छन् । कृषि पेशामुख्य पेशा भए पनि यहाँका जनताहरू नोकरी, वैदेशिक रोजगार, कृषि, दैनिक ज्यालादारी, व्यापार र उद्यम तथा व्यवसायहरू यस गाउँपालिकामा बसोवास गर्ने मानिसहरूको मुख्य पेशाहरू रहेका छन् ।

**पर्यटन (प्रशिद्ध स्थलहरू):**

यस गाउँपालिकामा विभिन्न धार्मिक, ऐतिहासिक तथा साँस्कृतिक पर्यटकीय एवम प्रशिद्धस्थलहरू रहेका छन् । धार्मिक महत्वका क्षेत्रहरूमा सिगास कैलपाल मन्दिर, सिगास धुराको डाँडा मुख्य रहेका छन् भने चौखाम थान, चउले थान, भूमिराज थान, कैलाप थान, मेलपात जसता मठमन्दिर एवम शक्तिपिठहरू यहाँका प्रसिद्ध थलहरू हुन् । रामुदायिक र राष्ट्रिय गरी दुई प्रकारका वनजंगल रहेको यो ठाउँ प्राकृतिक रुपमा हराभरा पर्यटकीय सम्भावना बेको छ । यस गाउँपालिकाको उत्तरतिर रहेका अग्ला पहाडहरू पिथौरागढ, रौलाकेदार, सिगास केदार, र ग्वाल्क केदार प्राकृतिक एवम धार्मिक मनोरमका दृष्टिकोणले अतिउत्तम पर्यटन गन्तव्यहरू रहेका छन् ।

**सिंचाईः**

सिगास गाउँपालिकाको सिंचाइको लागि सेतिथ, शारदा, र चागरी नदीहरू मुध्य रहेका छन् र यी नदिहरूर्के दायाँबाँयातर्फ रहेका फाँटहरूका सिंचाइको व्यवस्था रहेको छ । स्थानीयस्तरमा बनेका कुला, खोला र खोल्साहरू नै प्रमुख स्रोतहरको रुपमा रहेका छन् भने गाउँपालिकाको अधिकांश

खेतियोग्य जमिन आकाशे पानीको भरमा रहेको छ। गाउँपालिकामा सिंचाइको लागि सम्भावनाका स्रोतहरू हुँदा हुँदै पनि सिंचाइको स्रोतलाई व्यवस्थित गर्न नसकिएको छ। यदि यो गाउँपालिकामा सिंचाइको लागि उचित प्रानीका स्रोतहरू पहिचान गरी सिंचाइको व्यवस्था गरेको खण्डमा यहाँ कृषिको सम्भावना प्रचुर मात्रामा रहेको पाइयो ।

**यातायात पहुँच :**

सिगास गाँउपालिकामा यातायातको पहुँच पुगेको छैन्। सवैवडाहरूमा बाटोको ट्र्याक खोलिए पनि कच्चीबाटो भएको हुनाले वर्षाको समयमा भल पहिरोले बाटो विगार्ने हुँदा बर्ह्रैमास यातायातको समस्या रहेको छ। ढोडेतार-ढुङ्गड-गजेसम्मको सडक, रेखावावादेखि वडा कार्यालय र गजेसम्मको सडकहरू यहाँका मुख्य सडक सञ्जालहरू हुन् जो निर्माणधिन चलिरहेको अवस्थामा रहेको छ। भत्किएका सडकहरू मर्मत सम्भार र स्तरोन्नति गर्ने कार्य संचालमा रहेका छ। गाउपालिका र वडाहरूमा सडकको पहुँच भइसकेपछि यातायात र सामग्री ढुवानीमा सजिलो हुने छ। यहाँका जनताले स्थानीय उत्पादन बेच्ने र आफूलाई चाहिएको सामान किन्ने मौका पाउने छ।

**उद्यम, व्यापार, व्यवसाय :**

सिगास गाउँपालिकामा विभिन्न उद्यम, व्यापार व्यवसायहरू रहेका छन् । यहाँका ९० प्रतिशत जनता कृषिमा आत्मनिर्भर छ । यस्ता पेशा व्यवसायमा, खुद्रां सल, जनरल स्टोर, ट्रेडर्स एण्ड सप्लाईर्स, फेन्सी स्टोर, सुन चाँदी पसल, मोवाइल, कुटानि पिसानी र पेलानी, सिलाईबुनाइ, निर्माणकार्य,  इलेक्ट्रोनिक्स सामग्री मर्मत, मोवाइल मर्मत, बाख्रा पालन, भैंसीपालन, कुखुरापालन तथा तथा तरकारी खेति, खाना, खाजा तथा बास होटल यस गाउँपालिकामा उद्यम, व्यापार तथा व्यवसायको रुपमा अस्तित्वमा रहेका छन् ।

**मुख्य व्यापारिक केन्द्रहरू :**

यस गाउँपालकाका मुख्य व्यापारिक केन्द्रहरूमा स्थानीय स्तरमा रहेका पसलहरू नै यहाँका व्यापारिक केन्द्रहरू हुन्। जहाँबाट यहाँका मानिसले दैनिक उपभोग्य सामानहरू किन्ने र आफ्ना कृषिजन्य एवम जटिबुडिजन्य वस्तुहरूको बेचबिखन गर्ने गर्दछन्। यो गाउँपालिका उच्चपहाडि एवम सामुदायिक एवम राष्ट्रिय वनक्षेत्रभएको हुनाले यहाँ पाइने जडिबुटिहरू यहाँका मुख्य निर्यातका वस्तुहरू रहेका छन् भने निर्माण सामग्री, औषधिजन्यवस्तुहरू, लत्ताकपडा मुख्यगरी आयात गरी स्थानीय बजारमा व्यापारिहरूले बेच्ने गर्दछन्।

**उर्जा/विद्युत सुविधा :**

केन्द्रिय तथ्याङ्क विभाग २०६८ को तथ्याङ्क अनुसार यस गाउँपालिकामा खानापकाउने लागि दाउराको प्रयोग गर्ने घरधुरी संख्या ३६८४, मट्टितेल ३, गोवर सुखाएर ८ र बायोग्यास पनि

९ जनाले खाना पकाउने इन्धनको रुपमा प्रयो गरेको पाइयो । त्यसैगरी उज्यालोको लागि यो गाउँपालिकामा ७८० घरधुरीले विद्युत, २६९ जनाले मट्टितेल, ६१९ जनाले सौर्यउर्जाको र अरु नखुलेको जनसंख्या रहेको छ ।

**संञ्चार सुविधा :**

यस सिगास गाउँपालिकाको कूल घरधुरीमध्ये रेडियोको उपलब्धता भएको घरधुरी २०७५, मोवाइल ९५५, टेलिभिजन ४१, टेलिफोन ३९, कम्प्युटर ३, केवल टिभि ३, नखुलेको ११८ र कुनै पनि सञ्चारको सुविधा नभएको घरधुरीहरू १३७४ रहेका छन् ।

**खानेपानी तथा सरसफाईः**

यस गाउँपालिकाका कूल घरधुरीमध्ये २०२१ घरधुरीको मुख्य पानीको स्रोत भनेको पाइपको धारा रहेको छ । अहिले यो गाउँपालिकामा बेल्लेखोला खानेपानी तथा सरसफाइ योजना तथा गर्जेश्वला लिफ्टिङ खानेपानी योजनाले यहाँका जनताको खानेपानीको समस्यालाई धेरै माधामा समाधान गरेको छ । त्यसैगरी ३ घरधुरीले ट्युवेलको पानीलाई आफ्नो मुख्य पानीको स्रोत मानेका छन् भने ३७ घरधुरीले छोपिएको कुवालाई मुख्य स्रोत मानेका छन् । त्यसैगी नछोपिएको कुवाको पानी पिउने घरधुरी २३० रहेको छ भने ४६३ ले परम्परागत धाराको पानीलाई आफ्नो पानीको मुख्य स्रोत बनाएका छन् । खोलाको पानी पिउने घरधुरीसंख्या ५९३ रहेको छ ।

**भवन तथा आवास :**

यस गाउँपालिकाभित्रका घरपरिवारले प्रयोग गरेको घरलाई जगको आधारमा हेर्ने हो भने जम्मा घरधुरीमध्ये ढुंगा र माटो प्रयोग गरेका घरधुरी संख्या सबैभन्दा धेरै ३६८७, १ सिमेन्ट, र ४ वटा काठको जग हालेका घरहरू रहेका छन् । घरको गारोका आधारमा हेर्दा ढुङ्गा र माटोको प्रयोग भएका घरहर ३६२३, सिमेन्ट प्रयोग गरेका ४४, काठको फल्याक प्रयोग गरेका २२ र एउटा काँचो इटाको पर्खाल गराएको घर रहेको छ । त्यसै गरी छानाको आधारमा हेर्दा यस गाउँपालिकामा २१७ खरले छाएका घरहरू रहेका छन भने टिनले छाएका घरधुरीहरू ३९ रहेका छन । त्यसैगरी टायल वा ढुङ्गाले छाएका घरधुरीहरू ३४२३ र १० वटा ढलान गरेका घरहरू रहेका छन् भने १ घर काठको फल्याकले छाएको छ ।

**शिक्षाः**

सिगास गाउँपालिका घरधुरी सर्वेक्षण २०७५ का अनुसार यस गाउँपालिकामा आधारभुत एवम माध्यमिक शितहका शिक्षण संस्थाहरू रहेका छन् । यस गाउँपालिकामा कूल जनसंख्यामा १०६०७ जनाले पढ्नलेख्न सक्ने जन जसमा पुरुष ६४६६ र महिला ४१४१ रहेका छन् । त्यसैगरी पढ्न

मात्रै सक्ने जनसंख्या ४५० रहेको छ जसमा २२८ पुरुष र २२२ महिला रहेका छन् । त्यसैगरी पढ्नलेख्न नसक्ने जनसंख्या ७५०३ रहेको छ जसमा २१६१ पुरुष र ५३४२ महिला रहेका छन् ।

**स्वास्थ्य :**

यस गाउँपालिकामा चौकी रहेकी एवम ती स्वास्थ्य चौकीमा कार्यरत सास्थ्य कार्यकर्ताहरू रहेका छन जसले यस गाउँपालिकाका मानिसहरूको स्वास्थ्यको लागि अनवरत रुपमा कार्य गरिरहेका छन् । गाउँमा रहेका सावस्थ्य स्वयमसेविकाहरू पनि मुख्य गरी यस गाउँपालिकाका स्वास्थ्यका बाहक बनेका छन् ।

**बैंक, वित्तीय संस्था तथा सहकारी :**

सिगास गाउँपालिकामा बैंकिंग कारोाबारका लागि एउटा कृषिविकास बैंकको शाखा कार्यालय रहेको छ । स्थानीय स्तरमा रहेका सहकारी एवम यही कृषिविकास बैंको माध्यमबाट वित्तीय सेवा लिएको पाइन्छ । बैंकले पनि कर्जा उपलव्ध गर्दै आएको छ भने गाउँबासीहरूसँग रहेको रकमलाई निक्षेपको रूपमा स्वीकार गरी बचत पनि गर्दै आएको छन् ।

**फोहरमैला व्यवस्थापनः**

सिगास गाउँपालिकाले फोहरमैला व्यवस्थापनको लागि छुट्टै डम्पिङ साइट निर्माण गरेको छैन न त यो गाउँपालिकाकाले सार्वजनिक शौचालयको नै निर्माण गर्न सकेको छ । गाउँमा किचनजन्य फोहोरहरू गाइवस्तुलाई खुवाउने तथा सड्ने गल्ने फोहोरलाई मलखादमा फाली मलको रूपमा प्रयोग गर्ने र नगल्ने फोहोरहरूलाई नदी, खोल्सा बारी वा प्राकृतिक रुपमा बनेका सानातिना ओडार, कुना, काप्चा वा गाइवस्तु वा मानिस जान नसक्ने प्राकृतिक साना गुफा/प्वाल वा चरहरूमा फाल्ने गरेका छन् ।

## २.२ गाउँपालिकाको मानव संसाधनको अवस्था

सिगास गाउँपालिकाको दोस्रो निर्वाचन २०७९ वैशाख ३१ गते सम्पन्न भई हाल सोही निर्वाचित जनप्रतिनिधिहरूमार्फत् गाउँपालिकाको कार्य सञ्चालन भई आएको छ । यस गाउँपालिकामा रहेको दरबन्दी अनुसार हाल निम्नानुसार कर्मचारीहरू कार्यरत रहेका छन् । जसको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**सिगास गाउँपालिका मानव संसाधनको अवस्था**

सिगास गाउँपालिकाको कार्यालयमा विभिन्न विषयगत शाखामा गरी कुल १७ जना कर्मचारीहरू रहेका जसलाई पद एवम् विषयगत शाखा अनुसार तलको तालिकामा देखाइएको  छ ।

| क्र.सं. | विषयगत शाखा | पद | पदपुर्ति | | |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | जम्मा |
| १ | प्रमुख प्रशासकिय अधिकृत | प्रशासन | | | |
| २ | इन्जिनियर | प्राविधिक | | | |
| ३ | शिक्षा अधिकृत | शिक्षा | | | |
| ४ | सूचना प्रविधि अधिकृत | सूचना प्रबिधि | | | |
| ५ | रोजगार संयोजक | | | | |
| ६ | अन्तरिक लेखा परिक्षक | | | | |
| ७ | स्वास्थ्य शाखा प्रमुख | स्वास्थ्य शाखा | | | |
| ८ | सुनगद तथा जिन्सी | | | | |
| ९ | सव इन्जिनियर | प्राविधिक | | | |
| १० | सव इन्जिनियर | रोजगार सेवा केन्द्र | | | |
| ११ | लेखापाल | | | | |
| १२ | सहायक महिला बिकास | महिला बिकास | | | |
| १३ | सव ओभरसियर | खा पा स ट | | | |
| १४ | फिल्ड सहायक | पञ्जीकरण शाखा | | | |
| १५ | फिल्ड सहायक | पञ्जीकरण शाखा | | | |
| १६ | कम्प्युटर अपरेटर | सूचना प्रबिधि | | | |
| १७ | का.स | | | | |

स्रोतः https://sigasmun.gov.np/staff

## सिगास गाउँपालिकाको भौतिक सम्पत्तिको अवस्था

यस गाउँपालिका आफ्नै कार्यालय भवनमा सञ्चालन भैरहेको छ । साथै सबै वडा कार्यालयहरू पनि आफ्नो भवनमा नै सञ्चालन भैरहेका छन् । यस गाउँपालिकामा सवारी साधन अन्तर्गत एकवटा ट्याक्टर, एकवटा स्काइभेटर र एक बटा व्याकहो लोडर रहेका छ । यस गाउँपालिकाको कार्यालय तथा सबै वडाहरूमा आवश्यक कम्प्युटर तथा प्रिन्टर, टेबुल, कुर्सी, सोफा, दराज लगायत कार्यालय सामग्रीहरू रहेका छन् ।

# परिच्छेद तीनः स्थानीय तहको राजस्व अधिकार तथा आय सम्भाव्यता

यस परिच्छेदमा सिगास गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भावना, समस्या तथा चुनौतिहरूलाई शीर्षकगत रुपमा विश्लेषण गरिएको छ। यस विश्लेषणले गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भावना र पहिचानमा सुधार गर्न यस राजस्व सुधार कार्ययोजनाले महत्वपूर्ण सहयोग पुऱ्याउने छ ।

## ३.१ स्थानीय तहको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था

नेपालको संविधानले अनुसूची ८ अनुसार स्थानीय तहलाई वित्तीय अधिकार अर्न्तगत निम्नानुसार राजस्व अधिकार प्रदान गरेको छ । चित्र नं. ३ मा राजस्व अधिकारहरूलाई देखाइएको छ ।




सङ्घीय कानुन अन्तर्गत स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहलाई निम्नानुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरेको छः




चित्र ३: तहगत राजस्व अधिकार

## (क) गाउँपालिकाको एकल अधिकार:

### १) कर

- **सम्पत्ति कर:** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने । ऐनमा "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने । *(आर्थिक ऐन, २०७५ र केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०७५ बाट संशोधित व्यवस्था)*
- **भूमि कर (मालपोत):** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा भूमि कर लगाउने । तर, सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने । *(आर्थिक विधयक २०७५ बाट संशोधित व्यवस्था)*
- **घर जग्गा बहाल कर:** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएको अवस्थामा लगाउने घर जग्गा बहाल कर ।

- **व्यवसाय करः** पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा ।
- **सवारी करः** टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- **जडीवुटी, कवाडी र जीवजन्तु करः** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कवाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यवसायिक उपयोग गरे वापत ।

**२) शुल्क**

- **बहाल बिटौरी शुल्कः** आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत ।
- **पार्किङ् शुल्कः** आफ्नो क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ्ग सेवा उपलब्ध गराए वापत ।

**३) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवलकार, बञ्जी जम्प, प्याराग्लाईडिङ्ग, ट्रेकिङ्ग, कायकिङ्ग, जिपफ्लायर आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।
- गाउँपालिकाद्वारा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा(खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायमशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, वसपार्क, पुल आदि) ।
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क ।
- सिफारिश सम्बन्धी कुनै सेवा शुल्क ।

**४) दस्तुर**

- दर्ता, अनुमति तथा नवीकरण दस्तुर
    - एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग ।
    - ढुङ्गा, गिट्टी, वालुवा, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग ।
- नक्सा पास दस्तुर
- पञ्जीकरण व्यवस्थापन दस्तुर
- वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर

**५) बिक्री गर्न सक्ने (केही नेपाल ऐनलाई संसोधन गर्न बनेको ऐन २०७५ बाट संशोधित व्यवस्था)**

- आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुको बिक्री गर्न सक्ने ।
- आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**६) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्ययोजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री वापत प्राप्त हुने रकमको दश प्रतिशत रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ख) प्रदेश तथा सङ्घीय कानुन अनुसार प्राप्त हुने (दफा ११ (४)) :**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- पानी घट्ट, कुलो पैनी जस्ता सेवाबाट प्राप्त रोयल्टी
- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी
- खनिज पदार्थको उत्खनन् रोयल्टी
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी
- खानेपानी महसुल
- स्थानीय साना सतह तथा भूमिगत सिंचाई सेवा शुल्क
- स्थानीय स्तरमा जडीबुटी तथा गैरकाष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रशोधन र बजार व्यवस्थापन
- जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण
- इन्टरनेट सेवा, टेलीसेन्टर, केवल, तारविहिन टेलिभिजन प्रसारण अनुमति, नवीकरण
- स्थानीय तहको पत्रपत्रिकाको दर्ता

सङ्घीय कानुन (अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४) ले स्थानीय तहलाई निम्नअनुसार वित्तीय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था (आर्थिक ऐन २०७५ बाट संशोधित व्यवस्था)**

क) सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

ख) घरजग्गा रजिष्ट्रेशन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा नगरपालिकाले उठाउने ।

ग) मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिकाले उठाउने

घ) विज्ञापन करको दर गाउँपालिका वा नगरपालिकाले लगाउने र उठाउने

(ख), (ग) र (घ) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा नगरपालिकाको संचित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

(ङ) प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

- प्रदेश विभाज्य कोषमा जम्मा भएको रकम ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिने
- आयोगले निर्धारण गरेको निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय तहलाई बाँडफाँड गर्ने
- प्रदेशले मासिक रुपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने

**(ख) राजस्व बाँडफाँड**

- नेपाल सरकारले सङ्कलन गरको मूल्य अभिवृद्धि कर र अन्तशुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने
  - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँड हुने
  - स्थानीय सञ्चित कोषमा मासिक रुपमा प्राप्त हुने
- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँड आयोगको सिफारिशमा प्राकृतिक श्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय तहलाई २५ प्रतिशत
  - प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रुपमा प्राप्त हुने

**(ग) अनुदान**

- वित्तीय समानीकरण अनुदानः खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशमा सङ्घ र प्रदेशबाट प्राप्त हुने

- सशर्त अनुदानः कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- समपूरक अनुदानः पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कुल लागतको अनुपातका आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने
- विशेष अनुदानः कुनै खास उद्देश्य र योजनाको लागि सङ्घ र प्रदेशबाट

**(घ) वैदेशिक सहायतता तथा आन्तरिक ऋण**

- नेपाल सरकारको पूर्वस्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोग लिन वा बैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने
- नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिश गरेको सिमाभित्र आन्तरिक ऋण लिन सक्ने
- नेपाल सरकारसँग मनासिव कार्यका लागि ऋण लिन सक्ने

उपरोक्त व्यवस्थाहरूले स्थानीय तहलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ। स्थानीय तहले कानुनमा उल्लेख बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था हुनुका साथै निम्न अनुसारका थप व्यवस्थाहरू रहेका छन्।

- कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय तहलाई प्रतिकुल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था)
- कर नलाग्ने : कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामुहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामुहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र।
- सेवा शुल्क असुली कार्य आफै वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने।

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शीर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ। यस गाउँपालिकाको आन्तरिक आयका प्रमुख स्रोतहरूलाई तलको तालिका नं. २ मा देखाइएको छ। यस गाउँपालिकाको आन्तरिक आयको अवस्थालाई विश्लेषण गर्दा आ.ब. २०७७/०७८ मा रु. १० लाख ८६ हजार ६८ रुपैया आम्दानी भएको देखिन्छ भने चालू आ.व मा रु. ६४ लाख आम्दानी गर्ने लक्ष्य लिएको देखिन्छ।

तालिका २: गाउपालिकाको आन्तरिक आयको अवस्था

| राजस्व संकेत | राजस्व शीर्षक | गत आ.व. २०७७/०७८ को यथार्थ आय | चालू आ.व. २०७८/०७९ को अनुमानित आय |
|---|---|---|---|
| ११३१३ | सम्पत्ति कर | | १०००००० |
| ११३१४ | भूमि कर (मालपोत) | ४०२८८ | १०००००० |
| ११३२१ | घर बहाल कर | २६६८० | |
| ११४७३ | अन्य मनोरंजन कर | | १००००० |
| १४१५१ | सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय | | १०००००० |
| १४१७५ | पदयात्रा रोयल्टी | | ५०००० |
| १४१७८ | सवारी साधन कर | | १००००० |
| १४२१९ | अन्य सेवा शुल्क तथा बिकि | | १०००००० |
| १४२४१ | पार्किङ्ग शुल्क | | ५०००० |
| १४२४२ | नक्सापास दस्तुर | | २५०००० |
| १४२४३ | सिफारिश दस्तुर | ३१२२०५ | |
| १४२४४ | व्यक्तिगत घटना दर्ता दस्तुर | ५०३२० | ५००००० |
| १४२४५ | नाता प्रमाणित दस्तुर | १३२३० | ५००००० |
| १४२४९ | अन्य दस्तुर (दर्ता, अनुमति, नविकरण) | ६४३३४५ | |
| १४३११ | न्यायिक दण्ड, जरिवाना र जफत | | १००००० |
| १४३१२ | प्रशासनिक दण्ड, जरिवाना र जफत | | २५०००० |
| १५१११ | बेरुजु | | ५००००० |
| **जम्मा** | | **१०८६०६८** | **६४०००००** |

***स्रोत:*** *सिगास गाउँपालिकाबाट प्राप्त आय प्रक्षेपणको ढाँचा*

## ३.३ आन्तरिक राजस्व सङ्कलनको प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

यस गाउँपालिकाले आन्तरिक स्रोत अन्तर्गत राजस्वका विभिन्न शीर्षक अन्तर्गत राजस्व सङ्कलन गर्न सक्नेछन जस अनुसार प्रमुख क्षेत्रहरू राजस्व र विज्ञापन करका विभिन्न शीर्षक अनुसार कर वा दस्तुर लगाउन सक्नेछ (चित्र नं. ४)।




चित्र ४: राजस्व तथा करका विभिन्न शीर्षकहरू

### ३.३.१ कर राजस्व

गाउँपालिकाको राजस्वका विभिन्न स्रोतहरू मध्ये कर राजस्व अन्तर्गत हाल परिचालन भइरहेको, सम्भव्य स्रोत र सोको परिचालनका लागि गर्नुपर्ने सुधारहरू यसप्रकार रहेका छन्:

**(क) सम्पत्ति कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५ मा सम्पत्ति कर सम्बन्धी प्रावधान रहेको हुँदा उक्त दफा अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको घर र सो घरले चर्चेको क्षेत्रफल वरावरसम्मको जग्गामा सम्पत्ति कर लगाउन सक्ने कानुनी व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था:**

बैतडी जिल्लाको प्रोफाइल २०७४ अनुसार यस गाउँपालिकामा कुल घरधुरी संख्या ३७३३ रहेको पाइन्छ । यस गाउँपालिकाको आर्थिक ऐन २०७९ को दफा ३ मा गाउँपालिका क्षेत्रभित्र अनुसूची १ बमोजिम कर लगाइने व्यवस्था उल्लेख छ । उक्त अनुसूची १ मा न्यूनतम घरको मूल्य रु. ३०,

भित्ता ढुंगा र काठले बनेको माटोको जोडाई भएको छाना जस्तापाता वा मिलेटले छाएको घरको प्रति वर्ष रु. ४०, भित्ता ढुंगा र काठले बनेको सिमेन्ट प्लास्टर भएको छाना जस्तापाता वा मिलेटले छाएको घरको प्रति वर्ष रु. ५० र भित्ता ढुंगा र काठले बनेको सिमेन्ट प्लास्टर भएको छत ढलान गरेको एकतले प्रति वर्ष रु. १००, प्रति तला रु. २५ थप लिने व्यवस्था गरेको छ । आ.व. २०७८/७९ मा सम्पत्ति कर शीर्षकमा रु. १० लाख आय प्रस्तावित गरेको देखिन्छ । यस गाउँपालिकाले हालसम्म घरजग्गा कर शीर्षकमा कुनै राजस्वव उठाएको देखिदैन ।

**संभाव्यता:**

विद्यमान कानुनी व्यवस्था अनुसार घर तथा घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने व्यवस्था रहेको छ। यस गाउँपालिकाको कुल घरधुरीमध्ये ३६८७ घरधुरीको आफ्नै घर रहेको देखिन्छ। उक्त तथ्याङ्क ४ वर्ष अगाडिको भएकोले हालसम्म ३७३३ घरधुरी नै आफ्नै घर हुनसक्ने भएकोले सो घरधुरीलाई नै कुल सम्पत्ति करदाता संख्या कायम गरिएको छ। तसर्थ गाउँपालिकाले आर्थिक ऐनमा व्यवस्था गरे बमोपजमको घरको प्रकृति अनुसारको निर्धारित दरमा अनिवार्य रुपमा सम्पत्ति कर लगाउने व्यवस्था गर्ने हो भने यसबाट गाउँपालिकालाई नियमित आम्दानीको स्रोतको सम्भावना देखिन्छ। उपलब्ध तथ्याङ्कअनुसार घरको छानाका आधारमा सम्पत्ति कर अनुमान गरिएको छ । जस अनुसार सम्पत्ति कर वापत यस गाउँपालिकाले वार्षिक रु. १ लाख ८१ हजार ९ सय ८० रुपैया आय प्राप्त गर्ने सम्भावना देखिन्छ ।

तालिका ३: सम्भाव्य सम्पत्ति करदाता तथा सम्पत्ति कर

| घरको छानाको प्रकार | करदाताको संख्या | करको औसत दर (प्रस्तावित) | सम्भाव्य कुल आय रु. |
|---|---|---|---|
| खर/परालको छाना घर भएका | २१७ | ३० | ६५१० |
| जस्ता/टिनको छाना घर भएका | ३९ | ४० | १५६० |
| टायल/सिलेटको छाना घर भएका | ३४२३ | ५० | १७११५० |
| सिमेन्ट ढलान छाना घर भएका | १० | १०० | १००० |
| अन्य नखुलेको | ४४ | ४० | १७६० |
| **जम्मा** | **३७३३** | | **१८१९८०** |

***स्रोत:*** *जिल्ला प्रोफाइल बैतडी, २०७४*

**सुधारका पक्षहरू:**

सम्पत्ति कर कार्यान्वयनका लागि यस गाउँपालिकाले गर्नुपर्ने विषयहरू निम्न अनुसार रहेको देखिन्छ:

- गाउँपालिकाले सम्पत्ति करलाई प्रगतिशिल करको दर निर्धारण गरि समावेश गर्ने ।
- गाउँपालिका क्षेत्रभित्रका सम्पूर्ण घरधुरीहरूलाई सम्पत्तिकरको दायरा भित्र ल्याउने ।
- सम्पत्ति करसम्बन्धी पदाधिकारी तथा कर्मचारीहरूका लागि तालिम सञ्चालन गर्ने ।

- सम्पत्ति करसम्बन्धी सफ्टवेयर सबै वडाहरूका कम्प्युटरमा राखेर गाउँपालिका कार्यालय तथा सबै वडारूबाट सङ्कलन गर्ने
- सम्पत्ति कर सम्बन्धी आम जनताहरूलाई सञ्चारका विभिन्न माध्यमबाट सूचित गर्ने ।

### (ख) मालपोत वा भूमि कर

गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा स्थानीय सरकार सञ्चालन ऐनको दफा ५६ अनुसार जग्गाको उपयोगका आधारमा भूमिकर (मालपोत) लगाउन सक्ने व्यवस्था रहेको छ । तर सम्पत्ति कर लगाएको जग्गामा भूमिकर (मालपोत) नलगाइने उल्लेख गरिएको छ ।

**विद्यमान अवस्थाः**

मालपोतलाई परम्परादेखि चल्दै आएको र दिगो राजस्वको स्रोत मानिन्छ । घरले चर्चेको जग्गा बाहेकमा मालपोत लगाइने व्यवस्था छ । गाउँपालिकाको आर्थिक ऐनको दफा ४ मा गाउँपालिका क्षेत्रभित्र अनुसूची २ बमोजिम भूमि कर (मालपोत) लगाइने उल्लेख छ र उक्त अनुसूची २ मा अब्बल, दायम, सिम र चाहार गरी जग्गा बर्गिकरणका आधारमा करको दर निर्धारण गरेको छ । यस गाउँपालिकाले मालपोत शीर्षकमा आ.व. २०७७/७८ मा रु. ४० हजार २ सय ८८ रुपैया आम्दानी गरेको देखिन्छ भने चालू आ.व. २०७८/७९ मा रु. १० लाख राजस्व सङ्कलन गर्ने प्रस्ताव गरेको पाइन्छ ।

**संभाव्यताः**

मालपोतलाई परम्परादेखि चल्दै आएको र दिगो राजस्वको स्रोत मानिन्छ । घरले चर्चेको जग्गा बाहेकमा मालपोत लगाइने व्यवस्था छ । यस गाउँपालिकाको खेतीयोग्या क्षेत्रले ओगटेको जग्गाको कुल क्षेत्रफल उपलब्ध नभएपनि गाउँपालिकाको कुल क्षेत्रफलमध्ये बन क्षेत्रले ओगटेको क्षेत्रफल १५८.७ वर्ग कि.मि. घटाउँदा ८६ वर्ग कि.मि. क्षेत्रफल बन बाहेकको जग्गा देखिन्छ त्यसमध्ये ३६ वर्ग कि.मि. क्षेत्र अन्य क्षेत्रमा राखी बाँकी ५० वर्ग कि.मि. खेतीयोग्य क्षेत्र रहेको अनुमान स्वरुप भूमि करको अनुमान गरिएको छ । यसरी ५० वर्ग कि.मि. लाई रोपनीमा लग्दा ९८२८२ रोपनी क्षेत्रमा प्रति रोपनी औषत रु. १० को दरले मालपोत कर लगाउँदा रू. ९ लाख ८२ हजार ८ सय २० रुपैया राजस्व उठ्ने संभावना देखिन्छ ।

**सुधारका पक्षहरूः**

यस सम्बन्धमा अध्ययन अनुसन्धान गर्दा सुधारका पक्षहरू निम्नानुसार छन् :

- गाउँपालिकाले मालपोत कार्यालयसँग समन्वय गरी जग्गा धनी र जग्गाको तथ्याङ्क अभिलेखीकरण गर्ने ।

- करको दर निर्धारण गर्दा मुख्य बजार क्षेत्र तथा सडक पहुँच भएका बढी मूल्य जाने क्षेत्रहरूमा करको दर बढी र बस्ती तथा सडकको पहुँच नभएका क्षेत्रमा करको दर कम गर्ने ।
- मालपोतको करको दर निर्धारण गर्दा प्रगतिशील कर प्रणाली अवलम्बन गर्ने ।

**(ग) घरजग्गा वहाल कर**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५७ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा गाउँपालिकाले त्यस्तो बहाल रकममा बहाल कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

घरजग्गा वहाल कर गाउँपालिकाको दिगो तथा बृद्धि हुदैजाने राजस्वको नियमित स्रोत हो । गाउँपालिकाको आर्थिक ऐनको दफा ५ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पुरै वा वा आंशिक तवरले बहालमा दिएकोमा अनुसूची ३ बमोजिम घरजग्गा बहाल कर लगाइने उल्लेख छ। बैतडी जिल्लाको प्रोफाइल २०७४ अनुसार कुल घरधुरीमध्ये जम्मा ३१ घरपरिवार भाडाको घरमा बस्ने गरेको देखिन्छ। त्यस्तै राष्ट्रिय आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजाअनुसार यस गाउँपालिकामा विभिन्न विसिमका २२७ वटा व्यवसायिक संस्थाहरू सञ्चालनमा रहेको पाइन्छ। यस गाउँपालिकाले घर बहाल कर अन्तर्गत आ.व. २०७७/७८ मा रु. २६ हजार ६ सय ८० रुपैया आम्दानी भएको देखिन्छ। त्यैगरी चालू आ.व. २०७८/७९ मा घर वहाल कर वापतरु. ७५ हजार राजस्व सङ्कलन हुने अनुमान गरेको देखिन्छ ।

**संभाव्यताः**

यस गाउँपालिका क्षेत्रभित्र घर तथा जग्गा बहालमा कम रहेका छन् । बैतडी जिल्लाको प्रोफाइल अनुसार हाल भाडामा बस्ने घरपरिवार बढेर ५० घरपरिवार भाडामा बस्ने अनुमान गरिएको छ । जसअनुसार ५० घरपरिवारले वार्षिक औषत प्रति घरपरिवार रु. १२ हजारका दरले घरवहाल बुझउँदा वार्षिक रु. ६ लाख बहाल उठ्ने देखिन्छ। सो घरवहालको १० प्रतिशतले हुन आउने रकम रु. ६० हजार बहाल कर उठ्ने सम्भावना देखिन्छ। त्यसैगरी २२७ व्यवसायमध्ये कतिपय करिब ७५ वटा व्यापार व्यवसाय आफ्नै घरम सञ्चालन गरेका हुनसक्ने अनुमान गरी वाँकी १५२ वटा व्यवसाय घर भाडामा लिएर सञ्चालन गरेको अनुमान स्वरुप औषत वार्षिक रु. ३० हजारका दरले घरबहाल उढाउँदा १५२ वटाबाट रू. ४५ लाख ६० हजार बहाल उठ्ने देखिन्छ। सो को १० प्रतिशतले हुन आउने रकम रु. ४ लाख ५६ हजार बहाल कर उठ्न सक्ने देखिन्छ। यसै आधारमा गाउँपालिकाले बहाल कर उठाउँदा वार्षिक रू. ५ लाख १६ हजार बहाल कर उठ्ने सम्भावना देखिन्छ ।

**सुधारका पक्षहरूः**

- गाउँपालिकाद्वारा घर जग्गा बहालमा लगाउने र वस्ने व्यक्तिहरूको विवरण अद्यावधिक गर्ने र सोही अनुसार कर असुलीका लागि सूचित गर्ने ।
- गाउँपालिकाको स्वमित्वमा भएका खाली जग्गाहरू उपभोगका लागि भाडामा वा लिजमा लगाएर राजस्व/कर प्राप्त गर्न सकिन्छ ।

**(घ) व्यापार व्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५८ मा गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाको आर्थिक ऐनको दफा ६ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारको आधारमा अनुसूची ४ बमोजिम व्यवसाय कर लगाउने व्यवस्था रहेको छ । केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजाअनुसार यस गाउँपालिका क्षेत्रभित्र २२७ वटा व्यवसायहरू सञ्चालनमा रहेका उल्लेख गरिएको छ । हालसम्म यस शीर्षकमा कुनैपनि रकम प्राप्त भएको पाइदैन ।

**संभाव्यताः**

केन्द्रीय तथ्याङ्क विभागले प्रकाशन गरेको राष्ट्रिय आर्थिक गणना २०७५ को प्रारम्भिक नतिजाअनुसार यस गाउँपालिका क्षेत्रभित्र सञ्चालनमा रहेका व्यवसायहरूको बारेमा उल्लेख गरिएको छ । उक्त गणना अनुसार यस गाउँपालिकामा २२७ वटा व्यवसाय सञ्चालनमा रहेको देखिन्छ । यस गाउँपालिकाले २२७ वटा व्यवसायबाट प्रस्ताव गरिएको औषत दरअनुसार कर लगाएमा वार्षिक रु. ३ लाख २१ हजार ५०० व्यवसाय कर सङ्कलन हुने अनुमान गरिएको छ। यस गाउँपालिका व्यवसाय सम्बन्धी विवरण तालिका नं. ४ मा देखाइएको छ ।

तालिका ४: व्यवसाय सम्बन्धी विवरण

| व्यवसाय | संख्या | करको औषत दर (प्रस्तावित) | संभावित राजस्व (रू. मा) |
|---|---|---|---|
| कृषि, वन, माछा पालन | २७ | १००० | २७,००० |
| उत्पादन | १२ | १५०० | १८,००० |
| खानी, विद्युत, ग्याँस, खानेपानी तथा निर्माण | ० | १००० | ० |
| थोक तथा खुद्रा व्यापार | ६६ | १००० | ६६,००० |
| ढुवानी, भण्डारण, सूचना र सञ्चार | २ | १००० | २,००० |
| होटल, लज | १७ | १५०० | २५,५०० |

| व्यवसाय | संख्या | करको औषत दर (प्रस्तावित) | संभावित राजस्व (रू. मा) |
|---|---|---|---|
| वित्तसंस्था, सहकारी | ५ | ५००० | २५,००० |
| शिक्षा | ५५ | २००० | ११०,००० |
| मानव स्वास्थ्य र समाजिक कार्य | ५ | २००० | १०,००० |
| घरजग्गा, पेशागत व्यवसाय, वैज्ञानिक, प्रशासनिक, कला, मनोरञ्जन र अन्य | ३८ | १००० | ३८,००० |
| **जम्मा** | २२७ | | ३२१,५०० |

**स्रोत:** *आर्थिक गणना, २०७५,*

**सुधारका पक्षहरू:**

- गाउँपालिकाको आर्थिक ऐनको अनुसूची ४ मा उल्लेख गरेको दर व्यवसाय कर नभई व्यवसाय दर्ता तथा नविकरण करको दर मात्र उल्लेख भएकोले गाउँपालिकामा संचालित व्यवसायहरूको करको दर वस्तुपरक बनाई आर्थिक ऐनमा उल्लेख गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोवारको आधारमा ठूला, मझौला र साना (क, ख, ग) वर्गमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- व्यवसाय कर प्रशासनमा पुरस्कार र दण्ड दुवैको व्यवस्था गर्ने ।

**(ङ) जडीवुटी, कवाडी, जीवजन्तु कर**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६१ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, प्रचलित कानुन बमोजिम निषेधित जीवजन्तु वाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला वा यस्तै प्रकृतिको वस्तुको व्यवसायिक उपयोग गरे वापत गाउँपालिकाले जडिवुटी, कबाडी तथा जीवजन्तु कर लगाउने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था:**

यस गाउँपालिकाको आर्थिक ऐनको दफा ७ मा गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिवुटी, बनकस, कवाडी माल र प्रचलित कानुन बमोजिम निषेधित जीवजन्तु वाहेकका अन्य मृत वा मारिएको जीवजन्तुको हाड, सीङ, प्वाँख, छाला जस्त बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूची ५ बमोजिम कर लगाउने व्यवस्था रहेको छ । हालसम्म यस शीर्षकमा कुनै आय भएको पाइदैन र चालू आ.व. मा पनि यस शीर्षकमा कुनै रकम प्रक्षेपण गरेको पाइदैन ।

**सम्भावनाः**

यस गाउँपालिकाको कुल क्षेत्रफलमध्ये करिब ६४ प्रतिशत क्षेत्रफल बनक्षेत्रले ओगटेको पाइन्छ । यस गाउँपालिका क्षेत्रभित्र पाइने जडीबुटीहरूमा तुलसी, तितेपाती, आँप, अमला, हर्रो बर्रो, दालचिनी, पखानवेद, सिउँजेडी, कुरिलो, सतुवा, टिमुर, अमला, ओखर आदि रहेका छन । यस प्रकारको जडीबुटीहरूलाई सामुदायिक वन क्षेत्रहरूमा व्यावसायिक रुपमा खेती गरी गैरकाष्ठ वन पैदावारमा आधारित उद्यमहरू स्थानीयस्तरमा संञ्चालन गर्न सकेमा यसबाट गाउँपालिकालाई राम्रो आम्दानीको स्रोत हुनसक्ने सम्भावना देखिन्छ । गाउँपालिकाको आ.व. २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रममा नाङ्गा डाँडाहरूमा वृक्षारोपण गर्ने, वन क्षेत्रमा उपलब्ध हुने विभिन्न प्रजातिका रुख विरुवा एवं जडीवुटी, फलफूललाई व्यवसायिक खेतीतर्फ उन्मुख गरी आय आर्जनको माध्यम बनाउन पहल गरिने नीति लिएको छ । अतः गाउँपालिकाले जडीवुटीसम्बन्धी तथ्याङ्कको अध्यावधिक गरी करको दायरामा लिन सकेको खण्डमा गाउँपालिका क्षेत्रबाट वार्षिक विभिन्न खालका करिब १०,००० किलो जडीवुटी सङ्कलन गर्न सक्ने सम्भावना देखिन्छ । विभिन्न जडीवुटीहरूको निकासी गर्दा औषतमा प्रति किलो रु १० का दरले कर लगाउँदा रु १ लाख राजस्व सङ्कलन हुने संभावना देखिन्छ । त्यसैगरी कवाडी मालसामानको निकासी वार्षिक करिब ५००० के.जी. रु. ३ का दरले रु. १५ हजार राजस्व सङ्कलन हुने देखिन्छ । अतः यस शीर्षकबाट वार्षिक रु. १ लाख १५ हजार राजस्व प्राप्त गर्ने अनुमान गरिएको छ । गाउँपालिकाले निषेधित जीवजन्तु वाहेका जीवजन्तुको हाड, सीङ, छाला लगायतका बस्तुहरूको व्यवसायिक उपयोग राजस्व सङ्कलन गर्नसक्ने सम्भावना रहेको पाइन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरूः**

कवाडी, जडिवुटी र जीवजन्तु कर सङ्कलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ ।

- गाउँपालिका क्षेत्रमा सङ्कलन तथा व्यवसायिक उपयोग हुने परिमाण सम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गर्ने ।
- हालको आर्थिक ऐनमा जडीवुटी व्यवसायको दर्ता मात्र उल्लेख भएकोले जडीवुटीको किसिम अनुसार वार्षिक निकासी करको दर गाउँपालिकाको आर्थिक ऐनमा उल्लेख गर्ने ।

**(च) विज्ञापन कर**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ (१) (ग) मा विज्ञापन करको दर निर्धारण र सङ्कलन गाउँपालिकाले गर्ने व्यवस्था रहेको छ । यस शीर्षक अन्तर्गत संकलित रकमको ४०% प्रदेश संचित कोषमा दालिखा गर्नु पर्दछ ।

**विद्यमान अवस्थाः**

गाउँपालिकाको आर्थिक ऐनको दफा ९ मा गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची ७ बमोजिम विज्ञापन कर लगाइने उल्लेख छ। उक्त ऐनको अनुसूची ९ मा विज्ञापनको प्रकार अनुसार वार्षिक करको दर निर्धारण गरेको पाइन्छ। जस अन्तर्गत साइन बोर्ड प्रति वर्गफिट रु. ४०, होर्डिङ बोर्ड प्रति वर्गफिट रु. ७५, गलोसाइन बोर्ड प्रति वर्गफिट रु. ९०, व्यानर प्रति हप्ता रु. १००, डिजिटल बोर्ड प्रति वर्गफिट रु. २०० रहेको छ। यसरी गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, होडिङ बोर्ड, व्यानर आदिमा विज्ञापन कर लगाउन सक्ने व्यवस्था भए तापनि यस गाउँपालिकाले विज्ञापन कर वापत हालसम्म कुनै राजस्व प्राप्त गरेको अवस्था देखिदैन।

**सम्भावना :**

यस गाउँपालिकाको सडक तथा व्यापारिक केन्द्रहरूमा विभिन्न व्यवसायिक निकायहरूको विज्ञापन राखी भविश्यमा यस शीर्षकबाट राम्रो राजस्व सङ्कलन गर्न सक्ने सम्भावना देखिन्छ। यस गाउँपालिका हुँदै बभ्काङ जाने हुँदा उक्त सडक तथा सडक दायाँवायाँ बजारको विकास र बिस्तारसँगै विज्ञापन सामाग्रीको बृद्धि हुदै जाने सम्भावना देखिन्छ। यस गाउँपालिकाको सडक र बजार क्षेत्रमा १५० वटा साइन बोर्ड, ५० वटा होर्डिङ बोर्ड, ४० वटा व्यानर हनसक्ने अनुमान स्वरुप आर्थिक ऐनमा तोकिएको दर बमोजिम विज्ञापन कर लगाउँदा विज्ञापन कर वापत रु. १४ हजार ७ सय ५० रुपैया राजस्व प्राप्त हुने अनुमान गरिएको छ।

**सुधारका पक्षहरूः**

- विज्ञापनका लागि उपयुक्त स्थानहरूको पहिचान गर्ने।
- गाउँपाीलका क्षेत्रभित्र भएको विज्ञापनको विवरण अध्यावधिक गरी करको दायरामा ल्याउनुपर्ने।

**(छ) कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवारमा लाग्ने कर**

**विद्यमान अवस्थाः**

हालैको स्थानीय शासन सञ्चालन ऐनको संशोधन पश्चात् गाउँपालिकाहरूले कृषि तथा पशु पंक्षीमा आधारित व्यवसायिक कारोवारको अनुमति तथा त्यस्तो कारोवारमा कर लिन सक्ने व्यवस्था गरेको छ। तर हालसम्म यस गाउँपालिकाले यस शीर्षकबाट कुनै राजस्व प्राप्त गरेको देखिदैन।

**सम्भावना :**

यस गाउँपालिका क्षेत्रभित्र उत्पादित कृषि तथा पशुजन्य बस्तुको बिक्रीबाट गाउँपालिकालाई आम्दानी हुने सम्भावना रहेको पाइन्छ। कृषि बालीतर्फ दलहन, तरकारी, नगदे वाली विशेष गरी

उखु र फलफूलमा ओखर एवं पशुजन्य खसी, बोका, कुखुरापालन, मौरीपालन लगायतका उत्पादन गरी बिक्री वितरणवाट उल्लेख राजस्व उठ्ने सम्भावना देखिन्छ । हालसम्म कति परिणाममा कृषि तथा पशुजन्य वस्तुको व्यवसायिक कारोवार भयो भन्ने अभिलेख प्राप्त नहुँदा अनुमान गर्न कठिन छ । तापनि गाउँपालिकामा पालिने पशु तथा कृषि उत्पादनको विश्लेषण गर्दा कृषि तथा पशुजन्य उत्पादनको निकासी सम्बन्धी अभिलेख अध्यावधिक गरेको खण्डमा वार्षिक रु. २ लाख ५० सम्म राजस्व सङ्कलन गर्न सक्ने अनुमान गर्न सकिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- गाउँपालिकाबाट हुने कृषिजन्य उत्पादनको निकासी सम्बन्धी अभिलेख सङ्कलन गर्ने ।
- आय सङ्कलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।
- गाउँपालिकाले कृषि उत्पादन तथा पशुजन्य निर्यातमा लगाउने कर सम्बन्धमा कार्यविधि तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।
- कार्यविधिमा उल्लिखित शर्तहरू पालना भए नभएको अनुगमन गर्ने ।

### (ज) साना सवारी कर

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६४ (१) (क) मा गाउँपालिकाले टाँगा, रिक्सा, अटो रिक्सा र इ-रिक्साको सवारी करको दर निर्धारण तथा सङ्कलन गरी आफ्नो कोषमा जम्मा गर्न सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

गाउँपालिका क्षेत्रभित्र दर्ता भएका साना सवारी साधन जस्तै टाँगा, रिक्सा, अटो रिक्सा र इ-रिक्साको सवारी करको दर निर्धारण तथा कर सङ्कलन गर्ने अधिकार गाउँपालिकामा रहेको देखिन्छ । तर, यस गाउँपालिकामा हालसम्मसाना सवारी कर शीर्षक अन्तर्गत कुनैपनि राजस्व प्राप्त गरेको देखिदैन ।

**सम्भावनाः**

यस गाउँपालिकामा हाल साना सवारी करको सङ्कलन सम्भावनाको अवस्था कम देखिन्छ । आगामी वर्षहरूमा सडक कालोपत्रे भएमा मात्र मुख्य बजार केन्द्रहरूमा केही रिक्सा, अटो रिक्सा र ई-रिक्सा सञ्चालन हुने सम्भावना देखिन्छ । साना सवारी साधन सञ्चालन नभएको हुँदा यस सम्बन्धी थप विश्लेषण गरिएको छैन ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- साना सवारी साधनको कर सम्बन्धित व्यवस्था गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था गर्नुपर्ने ।

### ३.३.२ गैरकर राजस्व

गाउँपालिकाको आन्तरिक राजस्वको महत्वपूर्ण स्रोत करको अलावा सेवा शुल्क, दस्तुर, बिक्रीबाट प्राप्त आय लगायतको गैरकर राजस्व पनि हो । यस गाउँपालिकामा यस्ता गैर करका स्रोत परिचालनबाट पनि केही राजस्व सङ्कलन गर्न सक्ने देखिन्छ ।

**(क) बिक्रीबाट प्राप्त रकम (प्राकृतिक एवं खानीजन्य बस्तुको बिक्री)**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२क मा खानीजन्य तथा प्राकृतिक वस्तुको बिक्री गाउँपालिकाले गर्न सक्ने व्यवस्था रहेको छ । यसमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुंगा, गिट्टी, वालुवा, माटोजन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने र त्यसरी बिक्री गरिएको रकम गाउँपालिकाको संचित कोषमा दाखिला गर्ने व्यवस्था गरिएको छ ।

**विद्यमान अवस्थाः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ संशोधनसँगै यस शीर्षकको राजस्व उठाउन गाउँपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । वन ऐन, २०७६ ले वन पैदावारको परिभाषा गर्दै वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका काष्ठ पैदावार, गैरकाष्ठ वन पैदावार वा चट्टान, माटो, नदिजन्य र खनिज पदार्थलाई सम्झनु पर्छ भनी व्यवस्था गरेकोले र नेपाल सरकारले गत श्रावणमा जारी गरेको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, व्यवस्थापन तथा बिक्री सम्बन्धी मापदण्ड, २०७७ ले सार्वजनिक खोलानालाको आफ्नै निर्णयले खानीक्षेत्रको सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेपछि र वन तथा चुरे क्षेत्रको ढुंगा, गिट्टी, बालुवा उत्खनन्, सङ्कलन र बिक्री गर्दा सम्वन्धित निकायको सहमतिमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित विधि अनुसार गर्नुपर्ने उल्लेख गरिएको छ । गाउँपालिकाको आर्थिक ऐनको दफा १५ मा यस गाउँपालिका क्षेत्रभित्र भएर बग्ने, आई.ई.ई. गरेका र घाटगद्दि तोकिएका नदी वा खोलाहरूबाट ढुंगा, गिट्टी, बालुवा, भरान, ग्राभेल र माटो आदिमा अनुसूची १३ मा उल्लेख भएबमोजिम बिक्री कर लगाइने उल्लेख छ । गाउँपालिकाले लगाउने नदीजन्य पदार्थको बिक्री वापत ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदिको बिक्रीमा प्रति घन मिटर रु. ७५ (भ्याट बाहेक) र माटोमा प्रति घन मिटर रु. ३० (भ्याट बाहेक) लिने व्यवस्था गरेको छ । तर, यस गाउँपालिकाले हालसम्म यस शीर्षकमा छुट्टै राजस्व प्राप्त गरेको देखिदैन ।

**सम्भावना :**

यस गाउँपालिका क्षेत्रभित्र नदीहरूमा सेती, शारदा, र चागरी मुख्य रहेका छन । यस गाउँपालिका क्षेत्रभित्र नयाँ बजार केन्द्रहरू विकास हुँदै गइरहेको अवस्था हुनाले निर्माण सामग्रीको माग बढ्न सक्ने सम्भावना देखिन्छ । गाउँपालिकाले नदीजन्य खनिज उत्खननमा बातावरणीय प्रभाव मूल्याङ्कन गरी सो को आधारमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् गरी बिक्रीबाट राम्रो राजस्व सङ्कलन गर्न

सकिने सम्भावना देखिन्छ । यसर्थ, यस गाउँपालिकाले प्राकृतिक एवं खानीजन्य वस्तुको बिक्रीबाट वार्षिक रु. १५ लाख राजस्व सङ्कलन हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू :**

- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिश गरेका मापदण्डभित्र रहेर मात्र उत्खनन् तथा बिक्री कार्य गर्ने गराउने ।
- ठेक्का नलाग्ने अवस्था भएमा गाउँपालिकाआफैले सङ्कलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने ।
- ठेक्का नलागुञ्जेलका लागि गाउँपालिका स्वयम्ले रकम सङ्कलन गर्ने ।
- सङ्कलन कार्यको नियमित रुपमा अनुगमन गरी मापदण्डभित्र मात्र रहेर उत्खनन् भए नभएको सुनिश्चित गर्ने ।

**(ख) बहाल बिटौरी शुल्क**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ५९ मा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग वापत बहाल बिटौरी शुल्क लगाउन सक्ने व्यवस्था छ भने दफा ९७ गाउँपालिकाले आफ्नो क्षेत्रको सरकारी, सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार तथा अन्य प्रवन्ध गर्नुपर्ने जिम्मेवारी दिएको छ ।

**विद्यमान अवस्थाः**

गाउँपालिकाको आर्थिक ऐनको दफा ११ मा गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेका हाट बजार, पसल वा सकारी जग्गामा अनुसूची ९ मा उल्लेख भए बमोजिम बहाल बिटौरी शुल्क लगाइने व्यवस्था रहेको भएतापनि यस गाउँपालिकाले हालसम्म छुट्टै यस शीर्षकमा कुनै राजस्व सङ्कलन तथा अनुमान गरेको देखिदैन ।

**सम्भावना :**

बहाल बिटौरी शुल्कको सम्भावना भएका हाट, बजार तथा बाटोको दायाँ बायाँ लगायत अन्य सरकारी जग्गामा बनेका संरचनाहरूको पहिचान गरी यसको सम्भावना पहिचान गर्नुपर्ने देखिन्छ। सार्वजनिक, ऐलानी, पर्ति र सरकारी तथा सामुदायिक जग्गाको स्वामित्व नेपाल सरकारको हुने भएता पनि यसको संरक्षण, मर्मत सम्भार र अन्य प्रवन्ध सम्बन्धित गाउँपालिकाले गर्नुपर्ने भएकोले उक्त गाउँपालिका क्षेत्रभित्रका यस्ता जग्गाहरूको खोजिगरी लगत व्यवस्थापन गर्नुपर्ने र आर्थिक ऐनमा दर निर्धारण गरी सो बमोजिम राजस्व असुली गर्नुपर्ने हुन्छ । यसर्थ, गाउँपालिकाले बहाल बिटौरी शुल्कको क्षेत्रभित्र पर्ने स्थानको पहिचान गरी अभिलेख अध्यावधिक गर्ने र करको

दायरामा लिन सकेको खण्डमा यस शीर्षकबाट वार्षिक रु. १ लाख हजार राजस्व प्राप्त गर्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, ऐलानी, पर्ति र सरकारी तथा सामुदायिक जग्गाहरूको खोजी गरी लगत व्यवस्थापन गर्नुपर्ने ।
- गाउँपालिकाले सर्बप्रथम आफ्नो क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको लगत विवरण तयार गर्ने ।

(ग) वन पैदावर बिक्रिबाट प्राप्त शुल्क

स्थानीय शासन सञ्चालन ऐन, २०७४ को संशोधन पश्चात् सामुदायिक वन उपभोक्ता समितिले वन पैदावारको बिक्री वापत प्राप्त गर्ने रकमको १० प्रतिशत सम्बन्धित गाउँपालिका तथा नगरपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था गरेको छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाको कुल क्षेत्रफल मध्ये करिव ६४ प्रतिशत क्षेत्रफल वन जंगलले ओगटेको पाइन्छ । तर, यस गाउँपालिकाले वन पैदावर (सामुदायिक वनको) बिक्री करको दर निर्धारण गरेको पाइदैन । हालसम्म वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको राजस्व प्राप्त गरेको अवस्था देखिदैन ।

**सम्भावनाः**

यस गाउँपालिकाले वन पैदावर (सामुदायिक वनको) बिक्रीबाट प्रशस्त राजस्व सङ्कलन गर्ने सम्भावना रहेको देखिन्छ । साथै वन ऐन, २०७६ ले वन पैदावारको परिभाषामा वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका काष्ठ पैदावार, गैरकाष्ठ वन पैदावार वा चट्टान, माटो, नदिजन्य र खनिज पदार्थलाई सम्झनु पर्दछ भनी व्याख्या गरेको पाइन्छ। यसलेपनि वन पैदावारको बिक्रीबाट हुने राजस्व झनै बढ्ने सम्भावना देखिन्छ । यस गाउँपालिकामा रहेका सामुदायिक वन तथा वन पैदावरसम्बन्धी अभिलेख नहुँदा बस्तुपरक राजस्व अनुमान गर्न कठिन देखिन्छ । तसर्थ गाउँपालिकामा रहेका सामुदायिक वनको वन पैदावर बिक्रीबाट वार्षिक १ लाख ५० हजार राजस्व प्राप्त हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू:**

- गाउँपालिकामा रहेका सामुदायिक वन तथा वन पैदावरसम्बन्धी अभिलेख अध्यावधिक गर्ने ।
- सामुदायिक वन पैदावार बिक्री तथा उपयोगसम्बन्धी वार्षिक कार्ययोजना गाउँपालिकाले स्विकृत गर्ने । गाउँपालिकामा रहेका सामुदायिक वन तथा वन पैदावरसम्बन्धी

- सामुदायिक वनको वन पैदावार बिक्री सम्बन्धी व्यवस्था तथा कर निर्धारण गाउँपालिकाको आर्थिक ऐनमा नै व्यवस्था गर्नुपर्ने ।

**(घ) पाकिङ शुल्क**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६० अनुसार गाउँपालिकाको आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए वापत पार्किङ शुल्क लगाउन सक्ने कानुनी व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

गाउँपालिकाको आर्थिक ऐनको दफा १२ मा गाउँपालिका क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए वापत अनुसूची १० बमोजिम पार्किङ शुल्क लगाइने उल्लेख छ । जसमा ट्रक, बस, जीप लगायतका सवारी साधन (पटके दस्तुर, २४ घण्टाका लागि) रु. १० र दुई पाङ्ग्रे सवारी साधन (पटके दस्तुर २४ घण्टाका लागि) रु. ५ करको दर निर्धारण गरेको छ । गाउँपालिकाले पार्किङ शुल्क शीर्षक अन्तर्गत विगतमा कुनै राजस्व सङ्कलन गरेको अभिलेख देखिदैन तर चालू आ.व.मा यस शीर्षकमा रु. ५० हजार राजस्व प्राप्तको लक्ष्य लिएको छ ।

**सम्भावना :**

यो गाउँपालिका क्षेत्रभित्र सडक बिस्तार हुने काम तिब्र गतिमा रहेको हुँदा दिनानुदिन यस क्षेत्रमा चल्ने सवारी साधनको संख्या बढ्दो क्रममा रहेको पाइन्छ । तरपनि गाउँपालिकामा नयाँ पार्किङ स्थल बनाएर पार्किङ गर्ने अवस्था देखिदैन । यस्तो पार्किङ शुल्क लगाउँदा गाउँपालिकामा रहेको बसपार्क तथा अन्य पार्किङ क्षेत्रमा सवारीको किसिम अनुसार गाउँपालिकाभित्र ठेगाना रहने गरी दर्ता भएका तथा गाउँपालिका क्षेत्रभित्र चल्ने सवारी साधनमा वार्षिक पार्किङ शुल्क लगाउन सक्ने सम्भावना देखिन्छ । त्यसैगरी गाउँपालिकाले तोकेको क्षेत्रमा पार्किङ गरे वापत पटकेबाट पनि राजस्व सङ्कलन गर्ने सम्भावना रहन्छ । यसरी वार्षिक रुपमा लगाइने पार्किङ शुल्क पनि गाउँपलिकाको आर्थिक ऐनमा व्यवस्था गरी वार्षिक रुपमा पार्किङ शुल्क लगाउने हो भने गाउँपालिकाभित्र ठेगाना रहने गरी दर्ता भएका तथा गाउँपालिका क्षेत्रभित्र चल्ने सवारी साधनको अभिलेख अध्यावधिक गर्ने हो भने तल तालिकामा अनुमान गरिएका सवारी साधनबाट प्रस्तावित दरमा पार्किङ शुल्क उठाउँने हो भने यसबाट वार्षिक रु. ९९ हजार राजस्व सङ्कलन हुने अनुमान गरिएको छ । त्यस्तै पटके दस्तुर वापत वार्षिक रु. ५० हजार गरी कुल १ लाख ४९ हजार अनुमान गरिएको छ ।

| क्र.सं. | विवरण | अनुमानित संख्या | वार्षिक दर (रु.) | सम्भान्य रकम रु. |
|---|---|---|---|---|
| १ | मोटर साइकाल, स्कूटर | १०० | १०० | १०००० |
| २ | कार, जीप, भ्यान | ५० | ५०० | २५००० |
| ३ | भाडाका मिनि बस, मिनि ट्रक | ३० | ८०० | २४००० |
| ४ | ठूला बस, ट्रक, ट्याक्टर | २५ | १००० | २०००० |
| ५ | ठूला हेभी उपकरण | १० | २००० | २०००० |
| **जम्मा** | | २१० | | ९९००० |

**सुधार गर्नुपर्ने पक्षहरू :**

- गाउँपालिकाभित्र ठेगाना रहने गरी दर्ता भएका तथा गाउँपालिका क्षेत्रभित्र चल्ने सवारी साधनमा वार्षिक पार्किङ शुल्क लगाउने गरी आर्थिक ऐनमा व्यवस्था गर्ने ।
- पार्किङ शुल्क असुली विधि छनोट र कार्यान्वयन गर्ने ।
- पार्किङ शुल्कलाई माथि प्रस्ताव गरिए बमोजिम आर्थिक ऐनमा नै व्यवस्था गर्ने ।

### (ङ) दर्ता तथा अनुमति दस्तुर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ञ (६) मा स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति तथा नवीकरण लगायतको अधिकार स्थानीय तहलाई रहेको छ । यसरी व्यवसाय दर्ता, अनुमति तथा नवीकरण गर्दा गाउँपालिकालाई शुल्क प्राप्त गर्न सकिन्छ ।

**विद्यमान अवस्था :**

स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था अनुसार स्थानीय तहले एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग आदि कार्य गर्नको लागि अनुमति दिन र सो वापत दस्तुर सङ्कलन गर्नसक्ने व्यवस्था रहेको छ । गाउँपालिकाले आ.व. २०७७/७८ मा अन्य दस्तुर शीर्षकमा ६ लाख ४३ हजार ३ सय ५४ रुपैया राजस्व प्राप्त गरेको देखिन्छ भने चालू आ.व. २०७८/७९ मा यस शीर्षकमा रकम अनुमान गरेको देखिदैन ।

**सम्भावना :**

यस गाउँपालिकामा सञ्चालनमा रहेका व्यापार व्यवसायको दर्ता, अनुमति, नवीकरण गरेको अभिलेख नहुँदा आर्थिक गणना अनुसार गाउँपालिकामा रहेका २२७ वटा व्यवसाय रहेको देखिन्छ । यो संख्या हालसम्म ४०० को संख्यामा रहेको अनुमान स्वरुप दर्ता तथा नवीकरण गर्दा आर्थिक ऐन मै तोकिए बमोजिमको औषतमा प्रति व्यवसाय वार्षिक रु. १५०० का दरले ४०० व्यवसायबाट रु. ६ लाख राजस्व सङ्कलन हुने अनुमान गरिएको छ । गाउँपालिकाले व्यापारिक फर्महरूको तथ्याङ्क

अध्यावधिक गर्ने र सञ्चालनमा रहेका र नयाँ सञ्चालनमा आउन चाहने फर्महरूलाई इजाजत, अनुमति र नविकरणमा कडाई गर्ने नीति लिने हो भने अनुमान गरिएको भन्दा अझ बढि राजस्व उठ्न सक्ने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- व्यापारिक फर्म दर्ता तथा अनुमतिका लागि छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- नयाँ व्यवसाय वा कारोवार सञ्चालन गर्नुपूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति तथा नविकरण बिना सञ्चालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिवानाको व्यवस्था गर्ने ।

### (च) नक्सा पास दस्तुर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ मा गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्न नहुने कुराउल्लेख गर्दै दफा ३३ (४) मा भवन निर्माण गर्ने अनुमति दिँदा लाग्ने दस्तुर गाउँपालिकाले तोकेबमोजिम हुनेछ भन्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाको आर्थिक ऐनको दफा १४ मा सेवा शुल्क, दस्तुर अन्तर्गत अनुसूची १२ मा नक्सापास दस्तुर उल्लेख गरेको छ । विगतका वर्षहरूमा गाउँपालिकाले नक्सापास दस्तुरबाट कुनैपनि आम्दानी गरेको विवरण प्राप्त छैन ।

**सम्भावनाः**

यस गाउँपालिकाभित्र नयाँ निर्माण हुने सबै घरहरूको विद्यमान कानुनी व्यवस्था अनुसार नक्सापास र पहिल्यै निर्माण भइसकेका घरहरूको हकमा आर्थिक ऐनमा व्यवस्था गरी अभिलेखीकरण गर्नु आवश्यक हुन्छ । गाउँपालिका क्षेत्रभित्र निर्माण हुने भवन तथा संरचनालाई नक्सापास अनिवार्य गरी भवनको प्रकृति अनुसार नक्सापास दस्तुर निर्धारण गरी प्रभावकारी कार्यान्वयन गर्न सकेमा यस शीर्षकबाट गाउँपालिकालाई नियमित र दिर्घकालिन रुपमा राजस्व सङ्कलन हुने सम्भावना देखिन्छ । यसर्थ, यस गाउँपालिका क्षेत्रभित्र पहिले बनेका घरहरूमा जिल्ला प्रोफाइलमा उल्लेखित तथ्याङ्क अनुसार ३७३३ घरधुरी रहेकोले ३७३३ घरको अभिलेखीकरण वापत प्रतिघर रु. १०० का दरले रु. ३ लाख ७३ हजार ३ सय राजस्व प्राप्त हुने र गाउँपालिकामा वार्षिक करिब ३० वटा संभावित संरचाना निर्माण हुने र औषतमा प्रति घर १००० वर्गफिटको अनुमानका आधारमा प्रति वर्गफिट औषत रु. ९० हजार गरी जम्मा रु. ४ लाख ६३ हजार ३ सय राजस्व प्राप्त हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू**

- गाउँपालिकाको आर्थिक ऐनमा नै नक्शापास सम्बन्धी व्यवस्था गर्नुपर्ने ।
- नक्सापास प्रक्रियाले भवन निर्माण प्रक्रियालाई नियमन समेत गर्ने भएकोले यसलाई प्रभावकारी रुपमा कार्यान्वयनमा लैजाने ।
- नक्सापाससम्बन्धी छुट्टै मापदण्ड बनाई सोही अनुसार नक्सापासको प्रावधान लागू गर्ने ।
- घरको तल्ला, बनोट तथा किसिमका आधारमा दस्तुरको दर निर्धारण गरी समयानुकुल परिमार्जन गर्दै जाने ।

**(छ) सिफारिश तथा प्रमाणित दस्तुर :**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) घ (७) मा गाउँपालिकाले प्रचलित कानुन बमोजिम गर्ने सिफारिश तथा दफा १२ (ङ) मा वडाबाट सिफारिश तथा प्रमाणित गर्ने ३६ वटा विषयहरू उल्लेख भएका छन्। यी सिफारिश तथा प्रमाणित गरे वापत गाउँपालिकाले दस्तुर प्राप्त गर्न सक्ने व्यवस्था छ ।

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाको आर्थिक ऐनको दफा १४ मा सेवा शुल्क, दस्तुर अन्तर्गत अनुसूची १२ मा सिफारिश तथा प्रमाणित दस्तुर उल्लेख गरेको छ। यस गाउँपालिकाले विभिन्न किसिमका सिफारिश तथा प्रमाणित दस्तुर ऐनमा तोकिएको दर अनुसार कार्यपालिकाको कार्यालय तथा वडावाट सङ्कलन गर्ने व्यवस्था रहेको छ । गाउँपालिकाले यस शीर्षकबाट नियमित आम्दानी गर्दै आएको देखिन्छ । यस गाउँपालिकाले आ.व. २०७७/७८ मा सिफारिश तथा प्रमाणित दस्तुर वापत रु. ३ लाख १२ हजार २ सय ५ रुपैया आम्दानी गरेको देखिन्छ भने चालू आ.व. २०७८/७९ मा यस शीर्षकमा रु. ५ लाख राजस्व प्राप्त गर्ने लक्ष्य राखेको देखिन्छ ।

**सम्भावना :**

सिफारिश तथा प्रमाणित कार्य गाउँपालिकाको नियमित र निरन्तर कार्य भएकाले यो आम्दानीको एक नियमित स्रोत हुने सम्भावना देखिन्छ । सिफारिश तथा प्रमाणित दस्तुरबाट छुट्टछुट्टै के कति आम्दानी भयो भन्ने तथ्याङ्क उपलब्ध नहुँदा यस शीर्षकमा के कति आम्दानी हुन सक्छ भन्ने अनुमान गर्न कठिन छ । यस गाउँपालिकाबाट प्रदान गरिने विभिन्न किसिमका सिफारिश तथा प्रमाणीत वापत विगतमा प्राप्त राजस्वको आधारमा विश्लेषण गर्दा गाउँपालिकाको कार्यालय तथा सबै वडा कार्यालयहरूबाट वार्षिक करिब २००० वटा विभिन्न किसिमका सिफारिश हुने अनुमान गर्दा वर्तमान दर अनुसार प्रति सिफारिश वा प्रमाणित औषत रु २५० का दरले रु ५ लाख राजस्व प्राप्त हुने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू :**

- गाउँपालिकाको आर्थिक ऐनमा सिफारिश तथा प्रमाणित दस्तुर सम्बन्धी छुट्टै दफाको व्यवस्था गर्नुपर्ने ।
- शीर्षक अनुसार सिफारिश तथा दस्तुरहरूको छुट्टाछुट्टै अभिलेख राख्ने ।
- दस्तुर नबुझाएसम्म सम्बन्धित अधिकारीले सिफारिश वा प्रमाणित नगर्ने ।
- वडाबाट संकलित दस्तुरहरू शीर्षकसहितको विवरण तयार गर्ने ।

### (ज) व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२) च (३) मा गाउँपालिकाले जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, वसाई सराई दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन पर्दछ । त्यसैगरी राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण ऐन २०७६ को दफा १७ (२) अनुसार गाउँपालिकाको वडा कार्यालयको प्रशासकीय प्रमुखको रुपमा कामकाज गर्ने अधिकार प्राप्त कर्मचारीले स्थानीय पञ्जिकाधिकारीको रुपमा कार्य गर्नुपर्ने व्यवस्था छ । सो ऐनको दफा १९ (३) मा घटना घटेको ३५ दिनभन्दा पछि पञ्जीकरणका लागि आएमा तोकिए बमोजिम बिलम्व शुल्क लिने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :**

यस गाउँपालिकाले व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क वापतको करको दर निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडाबाट राजस्व सङ्कलन हुदै आएको छ । आ.व. २०७७/०७८ मा गाउँपालिकाले सिफारिश दस्तुर वापत रु. ५० हजार ३ सय २० रुपैया राजस्व प्राप्त गरेको देखिन्छ भने चालू आ.व. २०७८/०७९ मा यस शीर्षकमा रु. ५ लाख राजस्व प्राप्त गर्ने लक्ष्य राखेको देखिन्छ ।

**सम्भावना :**

व्यक्तिगत घटना दर्ता (बिलम्ब) शुल्क वापतको राजस्व गाउँपालिकाको नियमित आय हुने शीर्षक अन्तर्गत पर्दछ । विगत वर्षको यथार्थ आय र चालू वर्षको लक्ष्यको आधारमा विश्लेषण गर्दा करिब १००० वटा व्यक्तिगत घटना (बिलम्ब) दर्ता हुने अनुमान स्वरुप प्रति दर्ता शुल्क औषत रु. २०० का दरले रु. २ लाख राजस्व सङ्कलन हुने अनुमान गरिएको छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- व्यक्तिगत घटना दर्ता (बिलम्व) शुल्कबाट प्राप्त आयको उचित रुपमा लेखा राख्ने ।
- विपन्न तथा सिमान्तकृत समुदायलाई बिलम्ब शुल्कमा विशेष व्यवस्था गर्ने ।

## (झ) सरकारी सम्पत्तिको बहालबाट प्राप्त आय

**विद्यमान अवस्थाः**

यस गाउँपालिकाको स्वामित्वमा रहेका उपकरण भाडामा लगाई आम्दानी गर्न सकिन्छ। विद्यमान भौतिक स्रोतहरूको प्रयोगको दर रेट आर्थिक ऐनमा तोकिएको नभए पनि कार्यविधी तयार गरेर आफै दर रेट निर्धारण गर्ने गरेको छ। यस गाउँपालिकाको स्वामित्वमा रहेका जेसिभी, हल, व्याकहो लोडर, प्रोजेक्टर, ट्याक्टर जस्ता भौतिक सम्पत्तिहरू बहालमा परिचालन गर्न सकिने देखिन्छ । चालू आ.व. मा यस शीर्षकमा रु. १० लाख राजस्व उठाउने लक्ष्य लिएको पाइन्छ।

**सम्भावनाः**

यस गाउँपालिकाको स्वामित्वमा भएका भौतिक सम्पत्तिहरूमा जेसिभी, व्याकहो लोडर, ट्याक्टर, प्रोजेक्टर रहेको पाइन्छ। यी भौतिक सम्पतिहरूबाट गाउँपालिकालाई राम्रो आम्दानी हुने सम्भावना देखिन्छ । गाउँपालिकाले उक्त साधन बहालमा परिचालन गर्न सकेको खण्डमा स्काइभेटरबाट अनुमानित वार्षिक आय रु. ५ लाख, व्याकहो लोडरबाट रु. ४ लाख, टेक्टरबाट रु. २ लाख र हल तथा प्रोजेक्टर बाट रु. ५० हजार गरी कुल जम्मा रु. ११ लाख ५० हजार आय प्राप्त हुनसक्ने अनुमान गरिएको छ।

**सुधारका पक्षहरूः**

- गाउँपालिकाको स्वामित्वमा भएका र बहालमा लगाउन सकिने भौतिक सम्पत्तिहरूको विवरण तयार गरी सम्पत्तिको बहाल रकमको दर निर्धारण गर्ने ।
- गाउँपालिकाको स्वामित्वमा रहेका मेशिन आदिहरू को मर्मत स्याहार गरी सञ्चालन गर्ने ।
- गाउँपालिकाको सम्पत्ति बहालमा लगाउने सम्बन्धमा कार्यविधी तर्जुमा गरी कार्यान्वयमा ल्याउने ।
- आय सङ्कलन सम्बन्धी प्रावधान आर्थिक ऐनमा समावेश गर्ने ।

## (ञ) अन्य सेवा शुल्क

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२ (२) मा गाउँपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको स्थानीय पूर्वाधार वा उपलब्ध गराएको (यस उपदफाको (क) देखि (च) सम्मका) कुनै सेवा उपयोग गरे वापत सम्बन्धित सेवाप्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क लगाउन सक्ने व्यवस्था रहेको छ ।

**विद्यमान अवस्था :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र फोहोरमैला व्यवस्थापन, सरसफाई, ढल निकास जस्ता सेवा निर्माण, सञ्चालन वा व्यवस्थापन गरेको अवस्थामा सेवा शुल्क लिन सकिने कानुनी व्यवस्था छ। तरपनि यस गाउँपालिकाले अन्य सेवा शुल्क शीर्षकबाट हालसम्म कुनै राजस्व उठाएको विवरण प्राप्त
छैन ।

**सम्भावना :**

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रदान गरेका सेवाहरू (पशुपन्छी तथा बोका सरसफाई सेवा, पशु पन्छी स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई उपभोक्ता समिति शुल्क, गाउँपालिकाले निर्माण गरेको भौतिक पूर्वाधार उपयोग शुल्क आदि) बाट सेवा शुल्क आय गर्ने तथा सेवाहरू थप गर्दै सेवा शुल्कमा बृद्धि हुने सम्भावना देखिन्छ । सेवा शुल्क सेवा दिए वापत लिइने भएकाले स्थानीय बासिन्दा सेवा लिएर शुल्क दिन तत्पर हुने भएकोले यस शीर्षकमा गाउँपालिकाले रु. ३ लाख ५० हजार सङ्कलन गर्ने सम्भावना देखिन्छ ।

**सुधार गर्नुपर्ने पक्षहरू :**

- गाउँपालिकाको स्वामित्वमा रहेका मेशिन आदिहरूको मर्मत स्याहार गरी सञ्चालन गर्ने ।
- आम्दानी देखाउँदा शिर्षगत रुपमा राख्नुपर्ने
- बिभिन्न किसिमका सेवा वाफत लिने शुल्कको दर आर्थिक ऐनमा व्यवस्था गर्ने ।
- भौतिक सम्पत्तिहरूको तथ्याङ्क तथा अभिलेख प्रक्रियालाई व्यवस्थित गर्ने ।

# परिच्छेद चार: आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

यस परिच्छेदमा गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थालाई मुख्य रुपमा व्याख्या गरिएको छ । यस विश्लेषणबाट गाउँपालिकाको थप आय सङ्कलनको लागि तथा संस्थागत क्षमतामा सुधार गर्नका लागि आवश्यक सहयोग पुग्ने देखिन्छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

### ४.१.१ राजस्व परिचालन संस्थागत तथा नीति विश्लेषण

राजस्व परामर्श समितिले समितिमा छलफल गरी सर्वसम्मतिले आवश्यकताअनुसार छलफल तथा बैठकहरू गरी राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू गाउँसभा समक्ष पेश गर्ने गरेको देखिन्छ । गाउँपालिकाले विशेष गरी सबै सरोकारवाला करदाताहरूको सहभागितामा राजस्व अभिबृद्धि गरी कुल बजेटमा आन्तरिक आम्दानीको हिस्सालाई बढाउन सकिन्छ । गाउँपालिकाको आ.व. २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रममा स्थानीय कर तथा वित्तीय व्यवस्थापन र सुशासनसम्बन्धी निम्न नीति लिएको पाइन्छ ।

- प्रगतिशिल कर प्रणालीका आधारमा करको दायरा बिस्तार गरिनेछ । सुविधा बञ्चित समूहको भलाईका लागि प्रयोग गरिनेछ ।
- घर जग्गा पास, नक्शापास, कर राजस्व भुक्तानी र कुनै पनि सिफारिश लिने प्रयोजनका लागि प्रदान गरिने नागरिक सेवालाई सहज र व्यवस्थित बनाइनेछ ।
- आर्थिक प्रशासन सञ्चालन गर्न प्रविधिमा जोड दिइनेछ ।
- वित्तीय सदाचारितामा जोड दिइनेछ ।
- सूचनाको हकको सुनिश्चितता गरिने छ ।

गाउँपालिकाले आ.व. २०७८/७९ को वार्षिक नीति तथा कार्यक्रममा स्थानीय करलाई मध्यनजर गरी प्रगतिशिल कर प्रणली अवलम्बन गरी करको दायरा फराकिलो गराउने र कर राजस्व भुक्तानी तथा नागरिक सेवालाई सहज बनाउने नीति लिएको देखिन्छ । यसले गाउँपालिकाको आन्तरिक आम्दानी बढाउन मद्दत पुग्दछ । साथै स्थानीय जनतालाई  जगरूक नहुँदा वा जानकार नहुँदा सबै करदाताहरूले समयमै कर नबुझाउने तथा कर आवश्यक काम पर्दा मात्र राजस्व बुझाउने चलनलाई निरुत्साही गर्न र समयमै कर तिर्न समुदायस्तरमा कर शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ ।

## ४.२ आय सङ्कलनको संस्थागत व्यवस्था तथा क्षमता

आन्तरिक राजस्वलाई प्रभावकारी रुपमा सङ्कलन गर्ने भूमिका राजस्व प्रशासनको भएकाले राजस्व सङ्कलनका लागि गाउँपालिकाको संस्थागत अवस्था र क्षमताका विषयमा विश्लेषण गरिएको छ ।

### ४.२.१ स्थानीय राजस्व परामर्श समिति

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६५ मा स्थानीय राजस्व परामर्श समिति सम्बन्धी व्यवस्था रहेको छ । यस समितिले राजस्व सम्बन्धी नीति तथा कानुन तर्जुमा, संशोधन, परिमार्जन र सोको परिपालना सम्बन्धी परामर्श, राजस्वको स्रोत, दर, दायरा विश्लेषण गरी प्राप्त हुनसक्ने राजस्वको विश्लेषण, अनुमान, कर, गैरकर, सेवा शुल्क, दस्तुर आदिको दर सम्बन्धमा परामर्श दिने जस्ता कार्यहरू गर्दछ । यस गाउँपालिकाको स्थानीय राजस्व परामर्श समिति तालिका नं. ५ मा देखाइएको छ ।

तालिका ५: राजस्व परामर्श समिति

| क्र.सं. | नम | पद | जिम्मेवारी |
|---|---|---|---|
| १ | श्री धाना धामी | उपाध्यक्ष | संयोजक |
| २ | श्री कबिन्द्र प्रसाद ओभा | प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३ | श्री जानकी साउँद | कार्यपालिका सदस्य | सदस्य |
| ४ | श्री रमेश दमाई | कार्यपालिका सदस्य | सदस्य |
| ५ | श्री शोभा जोशी | प्रशासकीय अधिकृत | सदस्य सचिव |

यस गाउँपालिकाको राजस्व परिचालनमा प्रभावकारिता ल्याउनका लागि गाउँपालिका उपाध्यक्ष श्री धाना धामीको संयोजकत्वमा राजस्व परामर्श समितिको बैठक बसी आवश्यक निर्णयहरू हुने गरेको देखिन्छ। राजस्व परामर्श समितिको बैठकमा सरोकारवाला पक्षको सहभागिता हुन सकेको देखिदैन । साथै राजस्व परामर्श समितिका सदस्यहरूलाई राजस्वका स्रोतगत आधारमा वस्तुपरक अनुमान गर्ने, स्रोतहरू पहिचान गर्ने र राजस्व नीतिको प्रभावकारी कार्यन्वयन गर्ने सम्बन्धमा क्षमता विकास गर्न आवश्यक देखिन्छ ।

### ४.२.२ राजस्व शाखा तथा राजस्व प्रशासन

यस गाउँपालिकाको संगठन संरचनामा राजस्व तथा आर्थिक प्रशासन शाखाको व्यवस्था छ । राजस्व तथा आर्थिक प्रशासन शाखा अन्तर्गत राजस्व नीति तथा प्रशासन उपशाखा रहेको छ । हाल राजस्व नीति तथा प्रशासन उपशाखामा कामकाज गर्न छुट्टै राजस्व सम्बन्धी कर्मचारीको व्यवस्था भएको देखिदैन । एकजना अधिकृत कर्मचारीलाई राजस्व प्रशासनसम्बन्धी कामकाज गर्न जिम्मेवारी दिएकोले उक्त कर्मचारीबाट राजस्वसम्बन्धी कार्य हुदै आएको अवस्था छ। राजस्व नीति प्रशासन उपशाखाको कार्यकक्ष तथा कार्यस्थलको अवस्था सामान्य रहेको र कार्य सञ्चालनका

लागि फर्निचर, कम्प्यूटर, प्रिन्टर तथा अन्य भौतिक सुविधाहरूको अवस्था पर्याप्त देखिदैन । यस शाखामा पर्याप्त संख्यामा आवश्यक कर्मचारी नरहेको तथा राजस्व सम्बन्धी आवश्यक सफ्टवेयरको व्यवस्था भएको देखिदैन ।

## ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन

गाउँपालिकालाई आन्तरिक आय परिचालनसम्बन्धी प्राप्त कानुनी अधिकार अनुसार आन्तरिक आय परिचालनको अवस्थालाईयहाँ विश्लेषण गरिएको छ । यसगाउँपालिकामा सम्भावना भएका आन्तरिक आयका शीर्षकहरूको संभाव्यता, दरको निर्धारण तथा सङ्कलनको अवस्थालाई तालिका नं. ६ मा प्रस्तुत गरिएको छ ।

तालिका ६: आन्तरिक आय परिचालनको वर्तमान अवस्था

| क्र.सं. | आयका शीर्षक | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था (भएको/नभएको) | सङ्कलन भए/नभएको |
|---|---|---|---|---|
| **(क) कर तर्फ** | | | | |
| १ | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| २ | सम्पत्ति कर | छ | भएको | नभएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) | छ | भएको | नभएको |
| ४ | घर जग्गा बहाल कर | छ | भएको | भएको |
| ५ | व्यवसाय कर | छ | भएको | भएको |
| ६ | जडीबुटी, कवाडी र जीवजन्तु कर | छ | भएको | नभएको |
| ७ | विज्ञापन कर | छ | भएको | नभएको |
| ८ | मनोरञ्जन कर | छैन | भएको | नभएको |
| **(ख) अन्य राजस्व** | | | | |
| १ | स्लेट, ढुङ्गा, गिट्टी, वालुवा एवम् माटोजन्य वस्तुको बिक्री | छ | भएको | भएको |
| २ | काठ, दाउरा, जाराजुरी, दहत्तर, बहत्तर बिक्री | छ | नभएको | नभएको |
| ३ | वन पैदावर (सामुदायिक वनको) बिक्री वापतको आय | छ | नभएको | नभएको |
| ४ | नक्सापास दस्तुर | छ | भएको | भएको |
| ५ | व्यक्तिगत घटना बिलम्ब दर्ता शुल्क | छ | भएको | भएको |

| क्र.सं. | आयका शीर्षक | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था (भएको/नभएको) | सङ्कलन भए/नभएको |
|---|---|---|---|---|
| ६ | बहाल बिटौरी शुल्क | छ | भएको | नभएको |
| ७ | पार्किङ्ग शुल्क | छ | भएको | नभएको |
| ८ | अस्पताल सञ्चालन | छ | नभएको | नभएको |
| ९ | फोहरमैला व्यवस्थापन शुल्क | छ | नभएको | नभएको |
| १० | स्थानीय खानेपानी महसुल | छ | नभएको | नभएको |
| ११ | स्थानीय विद्युत् महसुल | छ | नभएको | नभएको |
| १२ | केवलकार, टेकिङ्ग, कायाकिङ्ग, वन्जीजम्प, जिप फ्लाईर, प्याराग्लाईडिङ्ग आदि मनोरञ्जन तथा साहसी खेलकुद सम्वन्धी सेवा तथा व्यवसायमा सेवाशुल्क | छ | भएको | नभएको |
| १३ | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, विजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक वत्ति, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकिय स्थल, हाटबजार, पशु वधशाला, शवदाह गृह, धोविघाट, सडक, बसपार्क, पुल आदि) | छ | नभएको | नभएको |
| १४ | मूल्याङ्कन सेवा शुल्क | छ | नभएको | नभएको |
| १५ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर संभावना नभएको( एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजतपत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म) | छ | भएको | भएको |
| १६ | ढुङ्गा, गिट्टी, वालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्भेक्षण, उत्खनन् तथा उपयोग शुल्क | छ | भएको | भएको |

| क्र.सं. | आयका शीर्षक | सम्भावनाको विवरण (छ/छैन) | दर निर्धारणको अवस्था (भएको/नभएको) | सङ्कलन भए/नभएको |
|---|---|---|---|---|
| १७ | वडा मार्फत् गरिने सिफारिश तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| १८ | दण्ड जरिवाना | छ | भएको | भएको |

## ४.४ विगतको राजस्व सङ्कलनको अवस्था

यस गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार बमोजिमका क्षेत्रहरूमा गाउँपालिकाको आर्थिक ऐनमा भएको व्यवस्था तथा राजस्व परामर्श समितिको सिफारिशमा आन्तरिक राजस्वका विभिन्न शीर्षकहरूमा करको दर निर्धारण गरी कार्यान्वयनमा ल्याएको छ। यस गाउँपालिकाको गत आ.व.को यथार्थ आय तथा चालू आ.व.को अनुमानित आय विवरणलाई तालिका नं. २२ मा प्रस्तुत गरिएको छ।

तालिका ७: गत आ.व.को यथार्थ आय तथा चालु आ.व.को अनमानित विवरण

| राजस्व शीर्षक | आ.व. २०७७/०७८ को यथार्थ आय | चालू आ.व. २०७८/०७९ को अनुमानित आय |
|---|---:|---:|
| आन्तरिक स्रोत | १०८६०६८ | ६४००००० |
| बाँडफाँड भई प्राप्त हुने मु.अ.कर | ५७२६७२१० | ४०७००५०० |
| बाँडफाँड भई प्राप्त हुने अन्तः शुल्क | १९३२२११३ | ४०७००५०० |
| अनुदान (सङ्घ र प्रदेश) | ३५७४३९६२० | ३४३४५१००० |
| बाँडफाँडबाट प्राप्त हुने सवारी साधन कर | १०५४९६६ | १४३९००० |
| **जम्मा** | ४३६१६९९७७ | ४३२६९१००० |

***स्रोत:*** *गाउँपालिकाको एकिकृत वित्तीय विवरण*

## ४.५ राजस्व परिचालनमा रहेका सवालहरू

संविधान तथा कानुन प्रदत्त वित्तीय अधिकार बमोजिम गाउँपालिकाको राजस्व परिचालनमा सुधार ल्याउनका लागि योजनाबद्ध प्रयास अपरिहार्य देखिन्छ। राजस्व परिचालनका मुख्य सवालहरू, नीगित व्यवस्था, कर प्रशासन, दर निधारण, करको दायरा आदि रहेका छन्। यस गाउँपालिकाले सम्बोधन गर्नुपर्ने राजस्व परिचालनका प्रमुख सवालहरूलाई निम्नानुसार उल्लेख गरिएको छ।

### (क) राजस्व प्रशासनका लागि उपयुक्त संगठन निर्माण तथा क्षमता विकास

गाउँपालिकामा राजस्व सम्बन्धी कार्य गर्न गाउँसभाले संगठन संरचनामा सुधार गरी कार्यबोझका आधारमा शाखा, उपशाखा तथा इकाइहरूको लागि आवश्यक कर्मचारीको व्यवस्था गर्नुपर्ने देखिन्छ। साथै, जिम्मेवारी अनुसार कर्मचारीको दक्षता अभिवृद्धिका आवश्यक क्षमता विकासका तालिम उपलब्ध गराउँदै लैजानु पर्ने देखिन्छ।

### (ख) आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

गाउँपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूबाट आय सङ्कलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषवस्तु समेटिएको कार्यविधि तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्ने देखिन्छ। हाल कुन कुन शीर्षकमा के कति राजस्व सङ्कलन भइरहेको छ भन्ने अष्पटताको अवस्था अन्त्य गरी शीर्षकगत रुपमा आय स्पष्ट हुने गरी लेखा राख्नु पर्ने देखिन्छ।

### ग) आर्थिक ऐनमा सुधार

गाउँपालिकको आर्थिक ऐन भएपनि ऐनलाई सुधार गरी व्यवहारिक तथा वस्तुपरक बनाउनुपर्ने देखिन्छ। किनभने आर्थिक ऐनमा सवारी करको व्यवस्था गरिएको छ तर प्रचलित सङ्घीय कानुनी व्यवस्था अनुरुप यो कर सबै सवारी साधनमा लिन नपाइने व्यवस्था छ। यसैगरी गाउँपालिकाको यन्त्रउपकरण जस्ता भौतिक सम्पत्तिको भाडा दर ऐनमा उल्लेख नभएको हुँदा यिनीहरूलाई ऐनमा समावेश गर्नुपर्ने देखिन्छ। परिवर्तित व्यवस्था अनुसार सबैजग्गा जमीनमा सम्पत्ति कर लगाउन नपाइने भएकाले सम्पत्ति कर लगाउन आर्थिक ऐनलाई सोहीअनुसार परिमार्जन गर्नुपर्नेछ।

### (घ) राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

गाउँपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व सङ्कलनका लागि पहिचान भएका क्षेत्रहरूको राजस्व उठाउने र सम्भाव्य क्षेत्र पहिचान गर्ने तथा करको दर निर्धारण गरी समुदायस्तरमा त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ। त्यसैगरी करदातालाईआफूले तिर्नुपर्ने करसम्बन्धी जानकारी र समयमा राजस्व नतिरेमा दण्ड जरिवाना लाग्ने विषयमा समुदायस्तरमा **कर शिक्षा कार्यक्रम** सञ्चालन गर्नुपर्ने देखिन्छ।

### (ङ) तथ्याङ्क सङ्कलन तथा नियमित अद्यावधिकरणको पद्धति स्थापना

गाउँपालिकामा सम्पत्ति कर, भूमि कर, व्यवसाय कर तथा अन्य कर र गैरकर बुझाउनेको संख्या के कति छ भन्ने तथ्याङ्क उपलब्ध छैन। यसर्थ सबै किसिमका करदाताको विवरण सङ्कलन गरी नियमित अद्यावधिकको व्यवस्था गर्नुपर्ने देखिन्छ। यसले करको दर, दायरा तथा समग्र राजस्वको सम्भावित आकार अनुमान गर्न सहयोग पुऱ्याउँदछ। साथै, अद्यावधिक अभिलेख विना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन नसक्ने भएकाले तथ्याङ्क सङ्कलन तथा नियमित अद्यावधिक पद्धति स्थापित गर्नु जरुरी देखिन्छ।

### (च) समन्वय संयन्त्रको प्रभावकारिता वृद्धि

राजस्व परिचालनसम्बन्धी नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व सङ्कलन विधि निर्धारण जस्ता कार्यमा सम्बन्धित आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय अपरिहार्य

हुन्छ । यसका लागि राजस्व परामर्श समितिको भूमिकालाई सक्रिय बनाउनु आवश्यक हुन्छ । राजस्व तथा कर सङ्कलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व शाखाबीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । साथै  राजस्व बाँडफाँट सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय तहहरूसँग समन्वय गर्न आवश्यक देखिन्छ ।

### (छ) चुहावट नियन्त्रण, पारदर्शिता र जवाफदेहिता

गाउँपालिकाले आयको सङ्कलन अवस्थाको नियमित अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कदम चाल्नु पर्दछ । आय व्ययको विवरण आवधिक रूपमा प्रकाशमा ल्याउनु, करदातासँग निन्तर संबाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडियामार्फत् राजस्व र खर्चको विवरणबारे जनता एवं सरोकारवालालाई जानकारी गराउनुले पनि जवाफदेहिता, पारदर्शिता तथा राजस्व चुहावट नियन्त्रणमा महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

# परिच्छेद पाँचः राजस्व सुधार कार्ययोजना

